"निधारमा पर्यटन, आँखामा शिक्षा र स्वास्थ्य, नाकमा सुशासन"

(भाग्य निर्माणमा दिगो पर्यटन, अर्जुन दृष्टिमा शिक्षा र स्वास्थ्य, पहिचानमा सुशासन)

# अटेरी अभियान

## पोखरा लक्ष्य २०७९

# अटेरी अपिल

पोखरा महानगरबासी मतदाता साथीहरू,

नमस्ते !

यो घोषणापत्र होइन । अटेरी अभियानले बनाएको पोखरा विकासको लक्ष्य हो । विकासका योजना बनाउनुअघि हामीले आम पोखराबासी र विभिन्न क्षेत्रका स्वतन्त्र विज्ञसँग राय सुझाव पनि लिएका थियौँ । जनतालाई चाहिएको विकास नदिने तर भ्युटावर, स्वागतद्वार, अपारदर्शी अनुदान, वितरणमुखी कार्यक्रम लागू गर्ने; सम्भवै नहुने पराकाल्पनिक योजना सुनाएर कथित 'सपना'को रङ दिने राजनीतिक चरित्र विपरीत जनचासोका मूलभूत मुद्दाहरूमा केन्द्रित भई यो योजनापत्र बनाएका छौँ ।

हामीले गरेको सर्वेक्षणमा पोखराबासीको मूलभूत चिन्ता र चासो यस प्रकारका थिए :

१) **शिक्षा :** शिक्षालयहरू गुणस्तरीय भएनन् । छोराछोरीलाई गतिलो शिक्षा दिनकै लागि काठमाण्डू पठाउनुपर्ने बाध्यता हटेन । सामुदायिक शिक्षाको अवस्था झन् दयनीय भयो । शिशु स्याहार केन्द्र औपचारिक शिक्षालयजस्ता भए, ती पनि आम नागरिकको आर्थिक क्षमताले नभ्याउने गरी महँगा भए ।

२) **स्वास्थ्य :** जुनसुकै रोग बल्झिनेबित्तिकै काठमाण्डू जानै पर्ने बाध्यता हटेन । स्वास्थोपचारको खर्च पनि आम नागरिकको पहुँच बाहिर पुग्यो ।

३) **अतिक्रमण :** सार्वजनिक जमिन, नदीनाला र ताल तलैयाको अतिक्रमण रोकिएन । नदीनालाहरूको दोहन उच्च भयो । नदी किनारका सार्वजनिक जमिन उच्च अतिक्रमणमा परे ।

४) **सुकुम्बासी समस्या :** जथाभावी बसालिएको सुकुम्बासी बस्तीले सहर कुरुप भइसक्यो । बस्तीका नागरिकलाई आधारभूत गुणस्तरको सेवा पुऱ्याउनै नसकिने अवस्था भो । सुकुम्बासी बस्तीलाई स्थानान्तरण गरी गुणस्तरीय आवासमा लैजाने योजना आएन ।

५) **अनियन्त्रित बसोबास :** वैज्ञानिक आवास योजना नबन्दा प्लटिङ गर्नेको भरमा बस्ती बस्न थाल्यो । जथाभावी घर बन्न थाले । भएका खाली ठाउँमा योजनाबद्ध आवास बनाउन ढिलो भइसक्यो ।

६) **खुल्ला ठाउँको अभाव :** पाटन र चौरको सहर भनेर चिनिने पोखरामा केटाकेटी खेल्ने ठाउँसमेत पाइन छोड्यो । भएका खाली ठाउँमा पनि सरकारी भवन बनाउने रोग पस्यो ।

७) **दुर्व्यसन :** विद्यालय पढ्ने उमेरबाटै चुरोट, सुर्ती, हुक्का, गाँजा, रक्सीजस्ता पदार्थ सेवन गर्ने कुलतमा बालबालिका पर्न थाले । लागू औषध नियन्त्रणमा प्रभावकारी काम भएन । नैतिक र सामाजिक जिम्मेदारीको अभाव देखियो ।

८) **घरजग्गा कर :** वर्षभरिको कृषि उत्पादनले पनि नधान्ने गरी जग्गा कर थोपरियो । घर-जग्गा कर अति महँगो भयो ।

९) **पहिचान वितरण :** पछिल्लोपटक पोखरा महानगरभित्र गाभिएका ग्रामीण क्षेत्रहरू तथा साविक लेखनाथ नगरपालिकाका नागरिकले आफू पोखरेली भएको गर्वानुभूति प्राप्त गर्न सकेनन् । पुरानो र मुख्य बजार क्षेत्रबाहेक अन्य ठाउँमा विकासका पूर्वाधार लैजाने ठोस पहल भएन । महानगरका प्राचीन ग्रामीण बस्तीहरूलाई पोखरेली पहिचानमा समेटिएन ।

१०) **पर्यटन :** पर्यटनलाई प्रवर्धन गर्ने, नवीन पर्यटकीय गन्तव्य स्थल र पूर्वाधारको निर्माणमा खास पहल भएन । पर्यटनलाई शिक्षा, स्वास्थ्य, खेलकुद, कृषि, कला-साहित्य-संगीत, धर्म-संस्कृति-परम्परा आदिजस्ता पक्षसँग जोडेर समष्टिगत योजना बनेन । प्राकृतिक सम्पदाहरू हिमाल, ताल र लेकसाइडको भरमा पोखराको पर्यटनलाई अलपत्र छोडियो ।

११) **सडक तथा यायायात :** बजारको वितरण र विविधीकण नहुँदा मुख्य सहरी क्षेत्रमा यातायातको चाप बढ्यो । पार्किङ पाउनसमेत मुस्किल हुँदै गयो । मुख्य चोकका खाल्टाखुल्टीसमेत समयमै पुरिएनन् । सडक दुर्घटना झनै बढ्न थाल्यो । सार्वजनिक यातायात भरपर्दा भएनन् ।

१२) **संरक्षण :** पोखरामा विकासको दरभन्दा विनासको दर उच्च भयो । पोखरालाई बरु बनाउन पर्थेन, जोगाइदिए मात्रै पुग्थ्यो । जथाभावी

रुख काटिन थाले । चौतारा मासिए । पोखरी पुरिए । चराचुरुङ्गी र पुतली हराए । ल्यान्डफिल साइटको समेत टुंगो लागेन । प्रकृति र पर्यावरणमा आधारित सौम्य पर्यटनका कारण परिचित पोखराले विकास योजनामा भने पर्यावरण सुरक्षालाई प्रमुखता दिएन । परम्परागत ज्ञान र सीपको हस्तान्तरण भएन । स्थानीयको भाषा, कला, संस्कृति संरक्षणमा योजना बनेनन् । पोखराको साँस्कृतिक पहिचान फितलो हुँदै गयो ।

१३) **सामाजिक एकता :** खानेपानी, बाटो निर्माण, वन व्यस्थापन, सहकारी, क्लब, आमा समूह, टोल विकास समिति आदिको गठनमा पनि राजनीतिक भागबण्डा र पूर्वाग्रह देखियो । मिलेर विकास गर्नुपर्ने समाजको सानो इकाईमा समेत अतिराजनीति भयो ।

१४) **आम्दानी :** करबाट चल्नुपर्ने महानगरको आम्दानी पार्किङ शुल्क, सार्वजनिक स्थलको भाडा र नदीजन्य पदार्थको ठेक्का चल्न थाल्यो । महानगरको आम्दानीलाई विविधीकरण गर्नेमा चासो राखिएन । विविधतायुक्त वैज्ञानिक कर प्रणाली अपनाए पोखराको आम्दानी ४ गुणासम्म बढाउन सकिन्छ भन्ने विज्ञहरूको रायलाई कार्यान्वयन गरिएन ।

१५) **उपभोक्ता अधिकार :** महँगी नियन्त्रण भएन । तरकारी फलफूलको विषादी परीक्षण भएन । गुणस्तरहीन पसल तथा रेस्टुरेन्ट जथाभावी खुल्न थाले । बजारको विविधीकरणमा चासो नराख्दा व्यावसायिक

सुरक्षा भएन । वस्तु तथा सेवाको गुणस्तर तोक्ने, अनुगमन गर्ने कुनै काम भएन ।

१६) **सुरक्षा :** महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, वृद्धवृद्धाहरुमाथि हुने विभिन्नखाले हिंसाको क्रम रोकिएन । सामाजिक उत्तरदायित्व र नैतिक मूल्यको अभाव हुन थाल्यो ।

१७) **प्रेम गर्ने ठाउँ :** प्रेम गर्ने स्थान पाउन मुस्किल भयो । बालिग नागरिकको यौन अधिकार सुनिश्चित भएन । आपसी समझदारीमा सँगै बसेका बालिग जोडीलाई समेत होटेलबाटै पक्राउ गर्ने र अपमानजनक व्यवहार गर्ने क्रम रोकिएन ।

प्राप्त जनगुनासो तथा विज्ञहरूको सुझावलाई आधार बनाई पोखरा विकासको ५ वर्षे कार्ययोजना तयार बनाएका छौँ । पानीजहाज हाल्ने, सुरुङमार्ग बनाउने, मेट्रो वा मोनोरेल चलाउने जस्ता तत्काल असम्भव र हावादारी योजना यसमा छैनन् । महानगरको कुल विकास बजेटको ३० प्रतिशत रकमले नधान्ने अर्थात ठूला खर्च लाग्ने विशाल परियोजना (मेगा प्रोजेक्ट) महानगर पालिकाको मात्रै जिम्मेदारी होइनन् । प्रदेश र संघीय सरकारका पनि दायित्व हुन् । यस्ता योजनालाई जनप्रतिनिधिको प्रतिबद्धताको रुपमा होइन पोखरा महानगरबासीले उठाउनुपर्ने मुद्दा र विकास बहसको रुपमा योजनामा राखेका छौँ ।

सर्वेक्षणबाट प्राप्त जनगुनासो र विज्ञहरूको सुझाव अनुसार माथिका समस्यालाई यी ३ प्रमुख क्षेत्रमा संश्लेषण गरी पोखरा विकासको लक्ष्य निर्धारण गरेका छौं ।


क) पोखराको भाग्य फेर्नु छ भने पर्यटनको समष्टिगत विकासको प्रारुप तयार गर्नु अत्यावश्यक छ । यसलाई हामीले **निधारमा पर्यटन** भन्ने नारा दियौं ।

ख) पोखरेली नागरिकको जीवन बदल्नु छ भने एउटा आँखामा शिक्षा र अर्को आँखामा स्वास्थ्य राखेर पोखरा विकासको अर्जुन दृष्टि बनाउनु पर्नेछ । यसलाई हामीले **आँखामा शिक्षा र स्वास्थ्य** भन्ने नारा दियौं ।

ग) पोखराको मौलिक पहिचानलाई निर्माण गर्ने हो भने सबै लिङ्ग, उमेर समूह, जात, र वर्गको वैयक्तिक र सामुदायिक आत्मसम्मान, प्राकृतिक र साँस्कृतिक सम्पदालाई जोगाउनुपर्नेछ । यसका लागि सुशासन अनिवार्य सर्त हुन्छ । यसलाई हामीले **नाकमा सुशासन** भन्ने नारा दियौं ।

यिनै ३ कुरालाई मिलाएर हामीले पोखरा विकासको अटेरी मोडल तयार पाऱ्यौं अनि **पोखरा लक्ष्य २०७९** को लोगो तयार पाऱ्यौं । र लोगोको अर्थ दियौं : **निधारमा पर्यटन, आँखामा शिक्षा र स्वास्थ्य, नाकमा सुशासन** । अर्थात "भाग्य निर्माणमा पर्यटन, अर्जुन दृष्टिमा शिक्षा र स्वास्थ्य, पहिचानमा सुशासन" ।

(नोट : यो चित्रलाई मान्छेको अनुहारजस्तो बनाउने । अटेरीको लोगोअनुसार)




यसकै आधारमा हामीले अल्पकालीन र दीर्घकालीन कार्ययोजना तयार गर्‍यौं । (यसको विस्तृत र व्याख्याका लागि **विस्तृत कार्ययोजनापत्र** हेर्नुहोला ।) हाम्रो कार्ययोजनाको संक्षिप्त स्वरुप यस्तो छ :

क) **पर्यटन :** पर्यटन पोखरा विकासको मुख्य आधार हो । पोखरेलीको भाग्य निर्माता हो । पोखरा विकासका कुनै पनि योजना बनाउँदा पर्यटनलाई मुख्य आधार बनाएर गर्ने छौं । पर्यटन एक्लै फस्टाउने उद्योग होइन । विकासका सबै पूर्वाधार र तिनको सदुपयोगलाई पर्यटनसँग जोडेर हेर्न थालियो भने मात्रै यो उद्योग दिगो हुनसक्छ भन्ने अवधारणामा काम गर्नेछौं । 'एक वडा एक पर्यटकीय गन्तव्य'को योजना बनाई नवीन गन्तव्य र पूर्वाधारको निर्माणमा निजी क्षेत्र, सहकारी र महानगर पालिकाको साझेदारीयुक्त

कार्यक्रमहरू ल्याउने छौँ । शिक्षा, स्वास्थ्य, खेलकुद, यातायात, सहरी सौन्दर्य, सरसफाइ, कला-संस्कृति, कृषि, उद्योग, व्यापार आदि सबैलाई पर्यटनका आधारस्तम्भका तथा सहयोगी प्रवर्धकका रुपमा विकसित गर्नेछौँ ।

ख) **शिक्षा :** पोखराको शिक्षालाई गुणस्तरीय र सर्वसुलभ बनाउनेछौँ । ५ वर्षभित्रमा पोखरालाई देशकै उत्कृष्ट शैक्षिक गन्तव्यको रुपमा स्थापित गर्ने छौँ । शिशु स्याहार केन्द्रलाई महानगरीय दायित्वमा ल्याउने छौँ । सामुदायिक शिक्षालाई प्रतिस्पर्धी, विश्वसनीय र गुणस्तरीय बनाउन महानगर पालिकाको सम्पूर्ण ध्यान लगाउने छौँ । १५ देखि २० हजार बालबालिका एकसाथ पढ्न सक्ने गरी सम्पूर्ण पूर्वाधार सहितका ३ वटा विशाल सामुदायिक महाविद्यालय (Mega School) खोल्नेछौँ । उच्चशिक्षा अध्ययनका लागि सहुलियत ऋण प्रदान गर्ने गरी 'महानगर शिक्षा कोष'को निर्माण गर्ने छौँ ।

ग) **स्वास्थ्य :** पोखरालाई स्वास्थ्योपचारको गन्तव्य सहरको रुपमा विकास गर्न चाहिने जनशक्ति व्यवस्थापन र पूर्वाधार निर्माणमा जोड दिने छौँ । छुट्टै महानगरीय स्वास्थ्य बिमा लागू गरी सबै खाले जटिल रोगको उपचार निःशुल्क हुने व्यवस्था गर्ने छौँ । आर्थिक अवस्थाको आधारमा सक्नेसम्मको स्वास्थ्योपचार जनता आफैँले गर्ने र निश्चितभन्दा ज्यादा खर्च महानगरले व्यहोर्ने प्रणालीको विकास गर्नेछौँ अर्थात सस्तोलाई होइन, महँगो पर्ने रोगलाई निःशुल्क गर्ने छौँ

। महानगरभित्र हुने दुर्घटना र विपदको बेला चाहिने स्वाथ्योपचारलाई महानगरीय दायित्व बनाउने छौं । आधारभूत स्वास्थ्य परीक्षण हुने प्रयोगशाला सहितको सामुदायिक स्वास्थ्य केन्द्रमा चिकित्सकसहितको टोलीबाट निःशुल्क उपचार हुने व्यवस्था गर्ने छौं ।

घ) **सुशासन :** विकासले आत्मसम्मान दिँदैन, नागरिकप्रतिको सरकारी व्यवहारले मात्रै दिन्छ । योजना बनेरमात्रै हुँदैन, यसको सफल कार्यान्वयनका लागि इमान्दारी, पारदर्शिता र सुशासन नभई हुँदैन । नागरिकको आत्मसम्मान तबमात्रै स्थापना हुनसक्छ जब नगरमा सुशासन कायम हुन्छ, जनप्रतिनिधिहरू पारदर्शी हुन्छन् । सुशासन नभएको समाजमा आम नागरिकले आफूलाई निरीह अवस्थामा पाउँछ, अनाथजस्तो पाउँछ । नागरिक हुनुको उसको गर्वानुभूति गायब हुन्छ । सुशासन नभएको समाजमा विभेदको बास हुन्छ ।

सुशासनको प्रमुख उद्देश्य नागरिक आत्मसम्मानलाई कायम राख्नु हो । यसको मुख्य सर्त सुरक्षा र संरक्षण हो, । संरक्षणका दुई पाटा हुन्छन् : प्रकृति र संस्कृति । प्राकृतिक होस् या साँस्कृतिक आर्थिक गतिविधिलाई टेवा नदिने सम्पदा लामो समय टिकिरहन सक्दैन । हाम्रा सबै सम्पदालाई आर्थिक गतिविधिसँग जोड्ने वस्तुनिष्ठ कार्यक्रमहरू बनाउने छौं ।

अतिक्रमित सार्वजनिक जग्गा फिर्ता ल्याउने छौँ । वातावरणीय प्रभाव मूल्याङ्कनबिना, त्यसको पूर्णतया कार्यान्वयनबिना कुनै पनि विकास योजना गर्ने छैनौँ, गर्न दिने छैनौँ । अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्नेछौँ । प्रत्येक १ घण्टाको पैदल यात्राको दूरीमा भेटिने गरी व्यवस्थित खेलकुद मैदान र पार्क निर्माण गर्ने छौँ । सहरी सौन्दर्यलाई निखार्ने छौँ । पोखरालाई बुटिक सहरको रुपमा विकास गर्ने छौँ ।

मुख्य बजार क्षेत्रका नेवार बस्ती, मियापाटनको इस्लाम बस्ती मात्रै होइन न्यूनतम १०० घरहरूसहित एकीकृत रुपमा बसेका सबै जातजाति (क्षेत्री, गुरुङ, मगर, थकाली, गन्धर्व आदि लगायत सबै)को बस्तीलाई मोहोडामा आफ्नो संस्कृति र परम्परा झल्किने गरी घर निर्माण गरे विशेष अनुदान दिने व्यवस्था गर्ने छौँ । कुनै एक ग्रामीण वडामा 'जीवित कृषि संग्रहालय'को स्थापना गर्ने छौँ । पुतली बगैँचा, पेटिङ जू जस्ता कृषि-पर्यटनका गन्तव्य निर्माणमा साझेदारी पूर्ण लगानी गर्ने छौँ । एउटा विशाल क्षेत्रफलको सिर्जनाग्राम र संस्कृति गृह (कल्चर हाउस) निर्माण गर्ने छौँ । कला, संस्कृति, संगीत, परम्परागत ज्ञान र सीप, भाषा, साहित्य आदिको संवर्धनमा विशेष कार्यक्रम र पूर्वाधार दिने छौँ ।

महिला, बालबालिका तथा वृद्धवृद्धा लगायत सबै जातजाति, धर्म, सम्प्रदायका मानिसले आत्मसम्मानसहित बाँच्न पाउने सुरक्षित सहर

बनाउने छौँ । महिला हिंसाप्रति शून्य सहनशीलता अपनाउने छौँ, त्यसको प्रत्याभूतिका लागि स्वतन्त्र महिला अधिकारकर्मीहरू सम्मिलित विशेष महिला विभाग गठन गरी महानगरभर 'अटेरी महिला सञ्जाल' बनाउने छौँ ।

**नगरबासी मतदाता साथीहरू,**

विस्तृत कार्ययोजनाको परिशिष्टमा 'अटेरी अभियान' भनेको के हो ? यसको राजनीतिक र सामाजिक मूल्य के हो ? स्थानीय तहको निर्वाचनलाई दलरहित बनाउनु किन जरुरी हुन्छ ? भन्ने जस्ता अभियानबारेका जनचासोलाई सम्बोधन गरिएको छ ।

जनताको चाहनाअनुसार जनप्रतिनिधिहरू चलिदिएको भए, सुशासनमात्रै कामय गरिदिएको भए, भ्रष्टाचारलाई घटाउन प्रयासमात्रै पनि गरिदिएको भए, देखिने होइन महसुस गरिने प्रकारको विकासमा जोड दिएको भए हामीले स्वतन्त्र उम्मेदवारी दिनुपर्ने थिएन । 'अटेरी' बन्नु कसैको रहर हुने थिएन ।

दलीय अकर्मण्यता विरुद्ध अटेरी उम्मेदवारी दिएर हामीले स्वतन्त्र नागरिकको कर्तव्य पूरा गरेका छौँ । मातृभूमिप्रतिको न्यूनतम कर्तव्य पालनाको 'अटेरी' जिम्मेवारी अब तपाईंको हातमा छ ।

सबैको जय होस् ।

**गनेस पौडेल,** नगर प्रमुख पदको अटेरी उम्मेदवार

तथा सबै वडाका अध्यक्ष तथा सदस्य पदका उम्मेदवारहरू

पोखरा महानगरपालिका

# १.	पहिचानमा सुशासन

जसरी राम्रो सिनेमाका लागि राम्रो अभियन अनिवार्य सर्त हो तर अभिनय राम्रो हुँदैमा मात्र सिनेमा राम्रो हुन्छ भन्ने ग्यारेन्टी हुँदैन, विकासको मामलामा सुशासन र पारदर्शिता त्यस्तै हो । सुशासन र पारदर्शिता हुँदैमा विकास भइहाल्छ भन्ने त हुँदैन तर सुशासन र पारदर्शिताबिना हुने विकास न त राम्रो हुन्छ न दिगो । त्यस्तो विकासमा न त नागरिकको सहभागिता हुन्छ न त अपनत्वभाव ।

सुशासनले मात्रै नागरिकको ‘नाक’ अर्थात आत्मसम्मान र पहिचानलाई समेट्न सक्छ ।

## १.१	पारदर्शिताका लागि प्रविधि : ‘मेरो पोखरा’ मोबाइल एप

- महानगर पालिकाबाट ‘मेरो पोखरा’ मोबाइल एप्लिकेसन जारी गरी यसकै माध्यमबाट सम्पूर्ण महानगरीय सेवा तथा सुविधा कागजविहीन रुपमा घरमै बसीबसी प्राप्त गर्न सकिने व्यवस्था गर्ने छौँ ।
- महानगर पालिकाभित्र स्थायी वा अस्थायी रुपमा बसोबास गर्ने सबै स्वदेशी वा विदेशी नागरिकले कुनै पनि महानगरीय सेवा पाउन, महानगरभित्र रोजगार प्राप्त गर्न वा व्यवसाय गर्न उक्त एप्लिकेसनमार्फत आफ्नो विवरण टिपाउनै पर्ने बाध्यकारी व्यवस्था लागू गर्ने छौँ । यसले श्रमबजारको नियमन गर्नेछ ।

- सम्पूर्ण बोलपत्रहरू महानगरीय एप्लिकेसन वा वेबसाइटबाट मात्रै जारी हुने व्यवस्था गर्ने छौँ ।
- महानगर र मातहतका प्रत्येक कार्यालयबारेको सम्पूर्ण सार्वजनिक सूचना नमागिकनै हेर्न मिल्ने गरी महानगरीय एप्लिकेसनमा व्यवस्थापन गर्ने छौँ ।
- महानगरीय मोबाइल एप्लिकेसनमा सबै कर्मचारीको विवरण राखी त्यसमार्फत गरिएको सेवाग्राहीको मूल्याङ्कनको आधारमा कर्मचारीलाई दण्ड, पुरस्कार तथा बढुवा दिने व्यवस्था गर्ने छौँ ।
- विभिन्न डिजाइनका कम्तीमा १५ किसिमका घरका नक्साहरू सार्वजनिक गर्ने छौँ । यी नक्साअनुसार आवास गृह बनाउन कुनै इन्जिनियरलाई पैसा तिर्नुपर्ने छैन । यस्तो नक्सामा घर बनाउन चाहनेले सोझै निर्माण स्वीकृतिका लागि पेस गर्न सक्ने छन् ।
- नीति निर्माणमा महत्वपूर्ण मानिने नगरपरिषदको बैठकलाई मोबाइल एप्लिकेसन तथा आमसञ्चार माध्यमबाट प्रत्यक्ष प्रसारण हुने व्यवस्था गर्ने छौँ ।

### १.१.२. अनियमिततामाथि शून्य सहनशीलता :

- भ्रष्टाचारमाथि शून्य सहनशीलता राखिनेछ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय सूचना आयोग,

स्वतन्त्र पत्रकार तथा नागरिक समाजसँग सहकार्य गरी भ्रष्टाचारको अनुगमन तथा नियन्त्रण गर्ने छौँ ।

- महानगरभित्रको सार्वजनिक सेवालाई झन्झटमुक्त, प्रभावमुक्त, बिचौलिया मुक्त बनाउने छौँ । हरेक कार्यालयमा क्षतिपूर्तिसहितको नागरिक बडापत्र राख्ने छौँ ।
- राजनीतिक प्रभाव र भागबण्डाका आधारमा बिनाप्रतिस्पर्धा जबरजस्ती भर्ती गरिएका कर्मचारीहरूलाई अवकास दिने छौँ । कर्मचारी भर्ना, तालिम तथा व्यवस्थापनका लागि अधिकारसम्पन्न, स्वतन्त्र, विज्ञटोली सम्मिलित निष्पक्ष महानगरीय सेवा आयोग गठन गर्ने छौँ ।
- महानगरपालिकाभित्र काम गर्ने हरेक कर्मचारी तथा जनप्रतिनिधिले वार्षिक सम्पत्ति विवरण अनिवार्य रुपमा सार्वजनिक गर्नैपर्ने बाध्यकारी नियम बनाउने छौँ ।

### १.१.३. वैज्ञानिक कर प्रणाली

- एकीकृत सम्पत्ति कर प्रणालीलाई सुदृढ गराउने छौँ ।
- बालिग नागरिकले अनिवार्य रुपमा आफ्नो आम्दानीको विवरण महानगरीय एपमार्फत सूचीकृत गर्नै पर्ने व्यवस्था गर्ने छौँ ।
- महानगरीय आम्दानीका श्रोतको वैज्ञानिक उत्खनन र विविधीकरण गरी पाँच वर्षभित्रमा यसलाई दोब्बर बनाउने छौँ ।

**कर छुट :** निम्नानुसारका व्यवसाय तथा घरजग्गालाई कर छुट दिने छौँ :

- कृषि-कर्ममा प्रयोग भएको कम्तीमा २ रोपनी क्षेत्रफल भएको जमिनलाई ५० प्रतिशत कर छुट ।
- नवीन व्यवसाय सूची जारी गरी सो क्षेत्रमा लगानी गर्ने उद्यमीलाई ५ वर्षसम्म व्यवसाय कर छुट ।
- नवीन पर्यटकीय गन्तव्य निर्माणमा सहयोग पुर्‍याउने महानगरका ग्रामीण क्षेत्रका उद्यमलाई ५ वर्षसम्म व्यवसाय कर छुट ।
- २५ लाखभन्दा कम लगानीमा सञ्चालित साना तथा मझौला व्यवसायीलाई ५ वर्षसम्म ५० प्रतिशत व्यवसाय कर छुट ।
- मातृभाषामा बनेको मौलिक रहनसहन, जीवनशैली तथा भेषभूषा झल्किने चलचित्र, वृत्तचित्र तथा म्युजिक भिडियो आदिको निर्माण वा प्रदर्शनमा मनोरञ्जन कर छुट ।
- तोकिएका जातजातीलाई आफ्नो परम्परा र संस्कृति झल्किने गरी घरको मोहोडा बनाएमा ५ वर्षसम्म सोको घरजग्गा कर छुट ।

### १.२. सबैको पोखरा :

- महानगरको मुख्यालयलाई सकेसम्म महानगरको भौगोलिक मध्यभागमा पर्नेगरी स्थानान्तरण गर्ने छौँ । महानगरका थप कार्यालयहरू निर्माण गर्दा समुदायले प्रयोग गरिरहेको खुला तथा सार्वजनिक स्थानहरूलाई प्रयोग गर्ने छैनौँ ।

- महिला, अपांगता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकको आत्मसम्मान कायम हुने गरी प्राथमिकताको आधारमा सेवा दिने छौँ । सेवा प्रदायक कार्यालयको पूर्वाधार निर्माण गर्दा उनीहरूको आत्मसम्मान र सहजतालाई प्राथमिकतामा राख्ने छौँ ।
- महानगर पालिकाभित्र बसोबास गर्ने कम्तीमा १ प्रतिशत जनसंख्या भएको भाषाभाषीले चाहेमा आफ्नै भाषामा निवेदन दिन, सिफारिस लिन वा अन्य कागजात बनाउन पाउने व्यवस्था गर्ने छौँ ।

## १.३ सहरी सुरक्षा :

- **नगर प्रहरी**: पोखराको नगर प्रहरीको सबल नेतृत्व निर्माण, समस्याको पहिचान र सम्बोधन गर्न सक्ने कार्यक्षमताको अभिवृद्धि गर्न नगर प्रहरी सेवा सञ्चालन सम्बन्धी कार्यविधिको निर्माण, परिमार्जन तथा सुदृढीकरण गरिने छ ।
- सार्वजनिक स्थान, बस बिसौनी आदि जस्ता हिंसा तथा असुरक्षा महशुस हुनसक्ने ठाउँहरूमा आइपी क्यामेरा जडान गरी सुरक्षाको प्रत्याभूति दिने छ ।
- चोरी, डकैतीजस्ता अपराध न्यूनीकरण गर्ने टोल निगरानी समूहहरू बनाउने छौँ । फौजदारी न्याय प्रणालीका मान्यताहरूलाई स्थानीय शान्ति कायम गराउने हाम्रा टोल र छिमेकका सनातनी सीपसँग जोडेर यस्ता विषयको दीर्घकालीन समाधान खोज्न नगर उप-

प्रमुखको नेतृत्वमा रहने न्यायिक समितिलाई समेत परिचालन गर्ने छौँ ।

- धेरै बालबालिका असुरक्षित सडकको जोखिमपूर्ण यात्रा गर्दै दिन-दिनै विद्यालय जान्छन् । विद्यालय आसपासका क्षेत्रमा हुने सडक दुर्घटनाबाट हाम्रा कलिला छोराछोरी घाइते नहोउन् र तिनको ज्यानै जाने अवस्था नआओस् भनेर टोल विकास समितिको अगुवाइमा स्थानीय विद्यालयहरूसँग सहकार्य गरी विद्यालय वरपरका सडकमा सडक सुरक्षाको मूल्याङ्कन, जोखिम पहिचान र समाधानका कार्य थाल्ने छौँ ।

## १.४ अधिकारसम्पन्न टोल विकास समिति

टोल विकास समितिलाई अधिकारसम्पन्न गराई समाजको सबैभन्दा तल्लो एकाईलाई एकताबद्ध, प्रतिबद्ध र सक्षम बनाउने छौँ । टोल विकास समितिहरूलाई खटाई निम्नानुसारका कामहरू गर्ने छौँ :

- टोलका सबै खाले सानाठूला व्यवसायलाई कानुनी दर्ता प्रक्रियामा ल्याउने छौँ ।
- महानगरमा बस्ने पोखरा बाहिरका स्वदेशी तथा विदेशी नागरिकको तथ्याङ्क अद्यावधिक गरी उनीहरूलाई वैधानिक श्रम बजारमा समावेश गर्ने छौँ ।

- स्थानीय जातका वनस्पतिमा आधारित टोल बाटिका तथा हवाई बगैंचाको निर्माण गर्ने छौँ ।
- टोल विकास समितिलाई विपद व्यवस्थापन युनिटको रुपमा परिचालन गर्ने छौँ ।
- 'लैङ्गिक हिंसारहित टोल' घोषणा गर्ने कार्यक्रम ल्याउने छौँ । लैङ्गिक हिंसा र लैङ्गिक विभेदबारेमा जनचेतना फैलाउन विद्यार्थी युवाहरू सम्मिलित 'महिला टोल युनिट' बनाउने छौँ ।
- सार्वजनिक सम्पत्तिको सुरक्षा तथा जग्गा अतिक्रमणको तथ्याङ्क निकाली त्यसलाई रोक्ने छौँ ।
- टोल सुधार समितिलाई प्रतिस्पर्धी बनाउने छौँ । सरसफाइ, सौन्दर्य, टोल बाटिका तथा हवाई बगैंचा व्यवस्थापन, विपद व्यवस्थापन, परम्परागत प्रविधि तथा सीप हस्तान्तरण, संस्कृति प्रवर्धन, शिक्षा, बालबालिकाको सुरक्षा सतर्कता तथा लैङ्गिक हिंसा न्यूनीकरण आदिजस्ता क्षेत्रलाई मध्यनजर गरी वडास्तरीय वार्षिक प्रतियोगिता आयोजना गर्ने छौँ । उत्कृष्ट टोल विकास समितिलाई स्थानीय विकासमा खर्च गर्नुपर्ने गरी ५० लाख रुपैयाँ नगद पुरस्कारको व्यवस्था गर्ने छौँ ।

## १.५.	पर्यावरणीय सुरक्षा :

- नगरभित्रका जैविक विविधता तथा जलाधारको पहिचान तथा संवर्द्धनमा स्थानीय विश्वविद्यालय तथा वातावरणीय संस्थाहरूसँग सहकार्य गर्ने छौँ ।
- सिमसार तथा त्यहाँको पर्यावरणीय सुरक्षाका लागि विशेष कार्ययोजना ल्याउने छौँ । यहाँका ताल तलैया तथा नदीहरूका लागि राजनीतिक प्रभावमा परी लगाइएको मापदण्ड खारेज गरी नयाँ वैज्ञानिक मापदण्ड लगाउने छौँ ।
- रुखलाई सार्वजनिक सम्पत्ति घोषणा गर्ने छौँ । निजी होस् या सार्वजनिक, कुनै पनि स्थानमा भएको १५ फुटभन्दा अग्लो रुखलाई काट्न वा छाँट्न नपाइने गरी कडा कानुन लगाउने छौँ । कुनै पनि बहानामा रुख वा चौतारा मास्न, काट्न वा छाँट्न दिने छैनौँ । पोखरी पुर्न दिने छैनौँ ।
- नदी तटीय क्षेत्र (रिभर कोरिडोर)का अतिक्रमित करिब १५ हजार रोपनी जग्गा फिर्ता ल्याई विशाल सहरी वनको निर्माण गर्ने छौँ ।
- प्रत्येक १ घण्टाको पैदल यात्रामा व्यवस्थित पार्क र खुला खेलकुद मैदानको निर्माण गर्ने छौँ ।

- चराचुरुङ्गीले गुँड बनाउन मिल्ने गरी घरको पाली राख्न वा चरा गृह (बर्ड हाउस) बनाउन, घरको छत वा परिसरमा चराचुरुङ्गीको लागि पानी वा दानाको व्यवस्था गर्न नागरिकलाई प्रेरित गर्ने छौँ ।
- सहरी वन वा बाटिका निर्माणमा कम्तीमा ५० प्रतिशत रैथाने बोट बिरुवाको प्रयोग गर्नै पर्ने नियम बनाउने छौँ ।
- खेतीयोग्य र बस्तीयोग्य जमिन छुट्याएर गरिने संघीय एवं प्रादेशिक सरकारका वैज्ञानिक भू-उपयोग योजनालाई पोखरामैत्री बनाउन सरकारका अन्य तहसँग वकालत गर्ने छौँ ।
- नेपालको संविधानअनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी संघीय, प्रदेश र स्थानीय तहका अधिकारको साझा कार्यसूचीमा रहेको हुनाले यसबाट अधिकतम् लाभ लिई पोखराबाट उठाइने यस्ता रोयल्टीको विवेकपूर्ण नियमन, संकलन र पोखराको हकदाबीका लागि वस्तुनिष्ठ काम गर्ने छौँ ।

**१.६ महिलामुखी कार्यक्रम :**

- लैङ्गिक हिंसाप्रति शून्य सहनशीलता अपनाउने छौँ ।
- नगरबासी बालिकाहरूलाई जन्मनेबित्तिकै मासिक १००० रुपैयाँ जम्मा गरिने व्यवस्था गने छौँ । यो रकम १८ वर्ष नपुग्दासम्म झिक्न पाइने छैन । यसले छोरीहरूको आर्थिक सुरक्षा गरी उच्च शिक्षा अध्ययनलाई सहज बनाउने छ ।

- विद्यार्थी तथा महिलाका लागि यातायात कार्ड उपलब्ध गराई उनीहरूका लागि सार्वजनिक यातायात निःशुल्क बनाउने छौँ ।
- महानगरपालिकाभित्रका सम्पूर्ण कार्यालयहरूलाई महिला मैत्री बनाउने छौँ ।
- महानगरको न्यायिक समितिमा महिला वैतनिक वकिलको व्यवस्था गर्ने छौँ ।

## १.७ सडक, यातायात तथा पार्किङ व्यवस्थापन

- लामो समयदेखि अनिर्णयको बन्दी रहेको बसपार्कको मसस्या हल गर्नेछौँ । महानगरभित्र अन्तरप्रदेशीय र सहरी बसपार्कको निर्माण तत्काल गर्ने छौँ ।
- स्कुले बालबालिका, पैदलयात्री, दृष्टिविहीन तथा अन्य अपाङ्गता भएका नागरिक, अशक्त तथा वृद्धवृद्धा सबैका लागि सजिलो सुरक्षित रहने गरी सडक, ढल तथा अन्य पूर्वाधारको निर्माण तथा सुधार गर्ने छौँ ।
- विद्युत, खानेपानी, ढल निकास लगायत निकायहरूसँगको समन्वयमा मात्रै सडक निर्माण तथा मर्मत-सम्भारको काम गर्ने छौँ । एकातिर सडक बन्दै जाने उतातिर विद्युत, खानेपानी वा ढल व्यवस्थापनले भत्काउँदै जाने परिपाटीको अन्त्य गर्ने छौँ ।

- सडक, सडक पेटी र त्यसले ओगटेको खुला ठाउँमा पसलका सामान राख्न, निर्माण सामग्री थुपार्न नपाइने व्यवस्था गर्ने छौँ ।
- सार्वजनिक सडकमा सवारी साधन पार्किङ गर्नुलाई अवैध घोषणा गर्ने छौँ । मुख्य सहरी क्षेत्र (न्युरोड, चिप्लेढुंगा, नयाँबजार आदि) तथा मुख्य पर्यटकीय गन्तव्य लेकसाइडमा देखिएको पार्किङ समस्यालाई निजी क्षेत्रसँगको समन्वयमा हल गर्ने छौँ ।
- मुख्य सडकहरूमा साइकल लेन अनिवार्य गर्ने छौँ। पोखराका प्राचीन बस्ती तथा पर्यटकीय स्थलहरूमा निश्चित समय तोकेर साइकल र इलेक्ट्रिक सवारीबाहेक अन्य सवारी साधन चलाउन नपाइने व्यवस्था गर्ने छौँ ।
- विद्यालय समयमा हुने सवारी चापलाई न्यूनीकरण गर्न विद्यालय जाने आउने समयलाई हेरफेर गर्ने छौँ ।
- विहान ६ बजेदेखि बेलुका ८ बजेसम्मको समयमा निर्माण सामग्री ओसारपोसार गर्ने ट्रक, ट्र्याक्टर आदिलाई सहरी क्षेत्रमा चल्न रोक लगाउने छौँ ।
- पोखराका सबै पर्यटकीयस्थललाई जोड्ने गरी डेडिकेटेड साइकल लेनसहितको एकीकृत पयर्टकीय रुट घोषणा गर्ने छौँ । यसका लागि आवश्यक पर्ने स्थानमा सडक विस्तार गर्ने छौँ । पर्यटकीय रुटको सौन्दर्यीकरणमा विशेष ध्यान दिने छौँ ।

- अझै पनि सार्वजनिक बस सेवा सबै तालको नजिकैसम्म पुग्दैनन् । पोखराका सबै पर्यटकीय गन्तव्यलाई समेट्ने गरी 'पर्यटक नगर बस' सञ्चालन गर्ने छौँ ।
- विद्यार्थी तथा महिलालाई महानगरीय यातायात कार्ड उपलब्ध गराई उनीहरूलाई सार्वजनिक यातायात निःशुल्क गराउने छौँ ।
- पोखरा सहरभित्र चल्ने गरी थपिने सबै खाले सार्वजनिक यातायात विद्युतीय नै हुनुपर्ने बाध्यकारी नियम ल्याउने छौँ । सार्वजनिक यातायातलाई सहकारीकरण गरिने छौँ ।
- सडकको खाल्टाखुल्टी तत्काल पुर्न 'रोड एम्बुलेन्स' खटाउने छौँ ।
- कम्तीमा राति ८ बजेसम्म सार्वजनिक यातायात सुचारु हुने सुनिश्चितता गर्ने छौँ ।
- जुनसुकै स्थानमा बस रोक्ने, बिच बाटोमा यात्रु कुरेर बस्ने जस्ता गतिविधिको कारणले सार्वजनिक यातायात समय र सुरक्षाका हिसाबले भरोसायोग्य हुन सकेको छैन । तोकिएको स्थानमा यात्रु भर्न र ओराल्न मात्रै पाउने, यात्रु पर्खेर बस्न नपाउने, तोकिएको स्थानबाहेक अन्यत्र रोक्न नपाउने गरी सार्वजनिक यातायातको सञ्चालन निर्देशिक बनाउने छौँ ।
- पोखरालाई 'साइकल सिटी' घोषणा गरी आम नागरिकलाई साइकल चलाउन तथा पैदल यात्रा गर्न प्रेरित गर्ने छौँ । *१ किलोमिटरसम्म*

*हिँडेरै जाऔँ, ५ किलोमिटरसम्म साइकल चलाऔँ* भन्ने अभियान सञ्चालन गर्ने छौँ ।

- प्रत्येक सरकारी कार्यालयमा अनिवार्य रुपमा साइकल स्ट्यान्ड राख्न लगाउने छौँ ।

## १.८ बाजेबज्यैको पोखरा :

- कामकाजीले आफ्ना घरका वृद्ध, अशक्त तथा बालबालिकालाई गुणस्तरीय हेरचाह गराउने ठाउँमा छोडी आफूलाई व्यावसायिक रुपमा व्यस्त राख्न सकून भन्ने उद्देश्यले प्रत्येक वडामा कम्तीमा एउटा 'ज्येष्ठ नागरिक मिलन केन्द्र'को स्थापना गर्ने छौँ । यसकै बगल र परिसरमा 'शिशु स्याहार केन्द्र' पनि चलाउने छौँ । ज्येष्ठ नागरिकको ज्ञान, अनुभव तथा स्नेहले सहरी बालबालिकाको विकासक्रमलाई बलियो बनाउने छ ।
- खोला र घाटको किनारमा मृत्यु पर्खन बसेझैँ वृद्धवृद्धालाई राख्ने गरी वृद्धाश्रम खोल्ने कामलाई निरुत्साहित गरी समाजको नजिकै खोल्न र स्थानान्तरण गर्न प्रोत्साहित गर्ने छौँ । यस्ता आश्रममा धर्म, जाति, लिङ्गका आधारमा विभेद नगरिने सुनिश्चितता गर्ने छौँ ।
- विद्यालय तहको शिक्षामा वृद्ध वृद्धाको ज्ञान, सीप र अनुभवलाई पुस्तान्तरण गर्ने प्रकारको प्रोजेक्ट वर्कलाई अनिवार्य विषय बनाउने छौँ ।

## १.९ जनजीविकाको सुरक्षा :

### १.९.१ श्रम बजार तथा स्वरोजगारः

कसैले एउटा नयाँ व्यवसाय थाल्यो भने सबै त्यसमा ओइरिने, सिर्जनात्मक र नवीन व्यवसायको खोज नगर्ने पोखरेली व्यवसायीको आम रोग हो । यसले गर्दा लगानीको विविधीकरण हुन सकेको छैन । आर्थिक क्रियाकलापलाई वेग दिने नवीन क्षेत्रहरूको अन्वेषण हुन सकेको छैन । सीमित क्षेत्रमा मात्रै केन्द्रीकृत लगानीको कारण उल्टै व्यवसायीहरूको लगानीलाई जोखिममा पारेको छ ।

उता श्रम बजारको हालत पनि त्यही छ । खोजेको काम गर्ने कामदार कतै भेटिँदैन । भेटिइहाल्यो भने पनि गुणस्तरीय सेवा दिन सक्ने भेटिँदैन । अनि केही सीमित काममा भने अतिविघ्न प्रतिस्पर्धा छ जसले गर्दा श्रमिकको जीवनवृत्ति नै घटाइदिएको छ ।

रोजगारी र व्यवसायको यो विरोधाभाषलाई मेटाउन सकियो भनेमात्रै पनि हामीले पोखराको आर्थिक गतिविधिलाई कायापलट गर्न सक्छौं ।

व्यावसायिक सुरक्षा र रोजगार वृद्धिका लागि हाम्रो प्रशासनले निम्नानुसारका काम गर्ने छ :

- **बन्दरहित सहर :** महानगरलाई अबिचलित पर्यटकीय सहर घोषणा गरी नागरिक तथा पर्यटकको आवागमनमा अवरोध पुयाउने कुनै पनि गतिविधिलाई आपराधिक गतिविधिको रुपमा लिने छौं र कारबाही

गर्ने छौँ । पोखरालाई बन्दमुक्त सहर घोषणा गर्ने छौँ । बन्द हड्तालमाई अटेर गर्दा कुनै क्षति भए महानगरले त्यसको भर्ताल गर्ने व्यवस्था गर्ने छौँ ।

- **व्यवसाय डेस्क :** व्यवसायीहरूले एकद्वार प्रणालीबाट सबै सेवा लिन सकून् भन्ने अभिप्रायले महानगर मुख्यालयमा व्यवसाय डेस्क स्थापना गर्ने छौँ । एक कार्यदिनभित्रै कुनै पनि व्यवसाय दर्ता गर्न वा बन्द गर्न सक्ने गरी अन्य सरकारी निकायसँग समन्वय गर्ने छौँ ।
- **श्रम बजार व्यवस्थापन :** महानगरीय एपमार्फत श्रम बजारको नियमन गर्ने छौँ । पोखरा बसेर काम गर्ने जो कोही श्रमिकले एप्लिकेसनमा आफ्नो विवरण अनिवार्य भर्नुपर्ने छ । यसले कुनै निश्चित कामको लागि अनावश्यक श्रमिक ओइरिने क्रमलाई निरुत्साहित गर्ने छ भने हामीलाई आवश्यक पर्ने श्रमिकलाई मात्रै पोखरा आउन प्रेरित गर्ने छ ।
- **विदेशी श्रमिकको सूचीकरण :** भवन निर्माण, केशसज्जा, कवाडी संकलन, बजार प्रतिनिधि, पैदल व्यापार (Street Vendors) आदिजस्ता काममा नेपाली नागरिकको भन्दा विदेशी नागरिकको सहभागिता धेरै देखिन्छ । उनीहरूमध्ये कतिको व्यवसाय दर्तासमेत हुँदैन भने श्रमिकले आम्दानी कर पनि तिरेको देखिन्न । उनीहरूलाई

अनिवार्य रुपमा महानगरीय एप्लिकेसन मार्फत श्रम बजारमा सूचीकृत गरी करको दायरामा ल्याउने छौं ।

- **तालिम तथा सहुलियत ऋण :** महानगरभित्रका सहकारीहरू परिचालन गरी वर्षैभर निःशुल्क सीपमूलक र व्यावसायिक तालिम प्रदान गर्ने व्यवस्था गर्ने छौँ । सीपकै अभावका कुनै पनि व्यक्ति बेरोजगार बस्नु नपरोस् भन्ने कुराको सुनिश्चितता गर्ने छौँ । सहकारीहरू परिचालन गरी अनुदान तथा सहुलियत ऋण समेत उपलब्ध गराउने प्रबन्ध मिलाउने छौँ ।
- **२४ घण्टा खुल्ला बजार :** महानगर कहिल्यै सुत्दैन भन्ने विश्वव्यापी मान्यता हुन्छ । प्रत्येक वस्तु तथा सेवा प्रदायकहरूले व्यवसाय दर्ताकै बेला खुल्ने र बन्द हुने समय खुलाई त्यसलाई सार्वजनिक रुपमा अनिवार्य टाँस गर्नुपर्ने कानुन बनाउने छौँ । बन्द गर्नुपर्ने समयमा बन्द नगर्नेलाई मात्रै होइन, खोल्नुपर्ने समयमा नखोल्नेलाई समेत कारबाही गर्ने छौँ । रात्रीकालीन सेवा दिने व्यवसायलाई विशेष करछुट दिने छौँ ।
- **नवप्रवर्तन तथा आविष्कार :** 'राष्ट्रिय आविष्कार केन्द्र' तथा विभिन्न विश्व विद्यालयहरूसँग समन्वय गरी नवप्रवर्तन तथा आविष्कारमा लाग्न युवा वैज्ञानिकहरूलाई प्रेरित गर्ने कार्यक्रम ल्याउने छौँ । यसले स्वरोजगार तथा लगानीका नवीन गन्तव्यहरू पहिल्याउने वातावरण बनाउने छ ।

- **स्टार्ट अप क्याम्प :** युवाहरूको कल्पनाशीलताले जन्माउने नवीन व्यवसायमा लगानी जुटाउन विशेष लगानी कोषको स्थापना गर्ने छौँ । वार्षिक रुपमा महानगरीय स्टार्ट अप क्याम्प संचालन गरी युवा व्यवसायीलाई सहुलियत ऋण तथा अनुदान दिने व्यवस्था गर्ने छौँ ।

### **१.९.२ कृषि :**

कृषि संस्कृति पोखराको मूल संस्कृति हो । आधुनिकीकरणको चेपमा यहाँका रैथाने बिउ, बिजन, वनस्पति, खेतीपातीको ज्ञान सीप, भण्डारण विधि नष्ट भएर गएका छन् । कृषि संस्कृतिले धानेका चाडपर्व बिर्सिइँदै गएका छन् । बिख्यात फाँटहरूको सहर अहिले अनियन्त्रित प्लटिङले कुरुप हुँदै गएको छ । नियन्त्रित र योजनाबद्ध सहरीकरण विकास हो, अनियन्त्रित र स्वतस्फूर्त छोडिएको सहरीकरण बिनास ।

कृषिको आधुनिकरणका साथसाथै रैथाने बिउ, बिजन, खेती तथा भण्डारण विधिको सम्बर्धन गर्न तथा, कृषिलाई पर्यटनसँग जोडेर अम्दानीका नवीन गन्तव्य अन्वेषण गर्न हाम्रो प्रशासन कटिबद्ध हुनेछ । हाम्रो कार्यकालमा कृषी क्षेत्रको विकासका लागि, कृषकको आर्थिक सुरक्षाका लागि निम्नानुसारका काम गर्ने छौँ :

- **मूल्य सुरक्षा :** महानगरीय मोबाइल एपमार्फत कृषि उपजको दैनिक थोकमूल्य सार्वजनिक गर्ने छौँ । उक्त मूल्यमा बिक्री हुन नसकेको

खण्डमा महानगर आफैँले कृषि उपज किनिदिएर बजार सन्तुलनमा राख्ने व्यवस्था लागू गर्ने छौँ ।

- **कृषिलाई पर्यटन :** पोखराको ग्रामीण भेगलाई मध्यनजर गरी कृषिलाई पर्यटनसँग जोड्ने विशेष कार्यक्रमहरू ल्याउने छौँ । एक वडा एक पर्यटकीय गन्तव्य कार्यक्रममा कृषि संस्कृतिको जीवित सङ्ग्रहालय खोल्ने, पेटिङ जू स्थापना गर्ने, तथा रैथाने बिऊ बिजन र भण्डारण विधिको सुरक्षण गर्ने काम गर्ने छौँ । बृहत् पोखराको अवधारणालाई साक्षी राखी उपत्यका बाहिरका खेतीयोग्य जमिनको सुरक्षामा लाग्न गण्डकी प्रदेशका सबै पालिकाहरूसँग समन्वय गर्ने छौँ ।
- **कर छुट बजार :** गरिब व्यवसायीले सडकमा सामान बेच्न नपर्ने वातावरण बनाउन प्रत्येक वडाको कम्तीमा कुनै एक ठाउँमा हप्ताको १ दिन साँझ ३ घण्टाको दरले कृषि उपज तथा अन्य उपभोग्य सामग्रीको हाट बजार लाग्ने व्यवस्था गर्ने छौँ । त्यसका लागि टोल विकास समितिहरूलाई परिचालन गर्ने छौँ ।
- **कौसी खेती :** सहरी क्षेत्रमा कौसी खेतीलाई प्रोत्साहित गर्ने छौँ । कुहिने फोहोरलाई कम्पोस्ट बनाएर कौसी खेती गर्नेलाई सरसफाइ करमा छुट दिने छौँ ।
- **आधुनिकरण :** कृषिको आधुनिकीकरण गरी उन्नत बिउ-बिजन, मल तथा उपकरणमा अनुदान दिने छौँ । नियमित कृषि तालिम सञ्चालन गर्ने छौँ । महानगरभित्र भाडामा जग्गाजमिन लिई खेतीपाती गर्ने

महानगरबाहिरको नेपाली नागरिकले पनि महानगरीय कृषि अनुदान प्राप्त गर्न सक्ने व्यवस्था गर्ने छौँ ।

**१.९.३. उपभोक्ता अधिकार :**

- पोखरा आयात हुने वा यहाँ उत्पादन हुने खाद्य सामग्रीको गुणस्तर जाँच अनिवार्य गर्ने छौँ । अखाद्य तथा पौष्टिकताहीन खानेकुरालाई निरुत्साहित गर्ने कार्यक्रम तथा कानुन बनाउने छौँ ।
- टोल विकास समितिलाई उपभोक्ता अधिकारको रक्षा हेतु परिचालन गर्ने छौँ ।
- बजारमूल्यलाई नियन्त्रण गर्न रु. ५ करोडभन्दा बढी चुक्तापुँजी भएका सहकारीलाई सहरकारी पसल खोल्न अनिवार्य गर्ने छौँ । आधारभूत उपाभोग्य वस्तुको दैनिक मूल्य तत्कालै मोबाइल एपमार्फत जानकारी लिन सकिने गर्ने व्यवस्था गर्ने छौँ ताकि उपभोक्ताले सहरका हरेक सेवा प्रदायकको मूल्याङ्कन गर्न सकून् । कसैले तोकिएको मूल्यभन्दा बढी लिएको जानकारी सोही मोबाइल एप वा 'उपभोक्ता अधिकार' हटलाइन मार्फत् उपलब्ध गराउने व्यवस्था गर्ने छौं र उजुरी प्राप्त भएपश्चात् आवश्यक छानबिन र कारबाही गर्ने व्यवस्था मिलाउने छौँ ।
- महानगर अनुगमन तथा निगरानी निकायलाई कानुनी रुपले अझ स्वायत्त, सशक्त, स्रोतपूर्ण र सेवादायीमैत्री बनाउने छौं ।


## १.९४. संवेगात्मक अधिकारको सुरक्षा :

यौन उदारता नभएको समाजमा मान्छे सम्पूर्ण स्वतन्त्र हुनै सक्दैन । यौन मानिसको आधारभूत आवश्यकता हो र उमेर पुगेका मानिसले यो शारीरिक आवश्यकतालाई पूरा गर्दा कुनै अपराधबोध वा ग्लानिको महसुस गर्नु पर्दैन भन्ने मान्यता यौन उदारताको मूलभूत मान्यता हो । धर्म, परम्परा, संस्कृतिको नाममा, सामाजिक मूल्य मान्यतालाई खलल पुऱ्याएको नाममा, मान्छेको यौन अधिकारलाई जसरी दबाउने काम हुन्छ लोकतान्त्रिक मुलुकका लागि त्यो कदाचित शोभनीय कुरा होइन । त्यसमा पनि पुरुषले यौन आवश्यकता पूरा गर्दा सामान्य विषय मानिनु तर महिलाले त्यही काम गर्दा पारिवारिक इज्जत र प्रतिष्ठाको विषय बनाइनु लैङ्गिक हिंसाको कुरुप अभ्यास मात्रै हो ।

यही कुरुप अभ्यासको बलमा आपसी सहमतिमै सँगै बसेका बालिग नागरिकलाई होटलबाट पक्रिने र अपमानजनक व्यवहार गर्ने लज्जाजनक काम हुन्छ । समाजदेखि अलिकति लुकेर प्रेम साटिरहेका जोडीहरूलाई समेत पक्रेर दुख दिने काम गरिन्छ । लोकतान्त्रिक मुलुकका लागि यो अशोभनीय क्रियाकलाप हो । युवायुवतीले आफ्नो भावना साट्न, आफ्नो संवेगात्मक आवश्यकता पूरा गर्न पनि ठाउँ नपाउने महानगर के को महानगर ?

हाम्रो प्रशासनले बालिग नागरिकले आफ्नो संवेगात्मक आवश्यकता पूरा गरेको विषयलाई कुनै पनि बहानामा गम्भीर मान्छे छैन र उनीहरूलाई धरपकड गरिने छैन भन्ने कुराको प्रत्याभूति दिनेछ ।

# २. सर्वसुलभ र गुणस्तरीय शिक्षा




**नीति :**

- पोखरालाई देशकै उत्कृष्ट शैक्षिक गन्तव्यको रुपमा विकसित गर्ने ।
- शिक्षालाई सर्वसुलभ, एकरुप र विभेदरहित बनाउने ।
- शिशु स्याहारलाई महिला अधिकारको विषयबाट हेरी महानगरको दायित्व अन्तर्गत राख्ने ।
- आधारभूत तह (कक्षा ८) लगत्तै व्यावहारिक र जीवनोपयोगी शिक्षालाई जोड दिने ।

- पढ्न लेख्न जान्नु मात्रै शिक्षा होइन । कला, साहित्य, संस्कृति, खेलकुद, सिनेमा, व्यापार आदि समेतको आधारभूत ज्ञान हुने गरी सम्पूर्ण साक्षरता (Complete Literacy) लाई जोड दिने ।
- परम्परागत ज्ञान-सीप, स्थानीय कला, भाषा तथा संस्कृतिलाई प्रवर्धन गर्ने किसिमले पाठ्यक्रमको विकास गर्ने ।
- सबै जातजाति, भाषाभाषीको अपनत्व हुने गरी पाठ्यसामग्री र पठनपाठन विधि प्रयोग गर्ने । मानवीय र नैतिक शिक्षालाई जोड दिने ।

**कार्ययोजना :**

अटेरी अभियानको मुख्य उद्देश्य सामुदायिक शिक्षामा आमूल परिवर्तन गर्नु हो । पोखरालाई देशैकै उत्कृष्ट शैक्षिक गन्तव्यको रुपमा विकसित गर्न आवश्यक पूर्वाधार र जनशक्तिको जोहो गर्नु हाम्रो पहिलो काम हुने छ ।

हातैको औंलाले छोलाछोलाझैँ सम्मुखमै अवस्थित हिमालको काखमा बसेर, तालै तालका छालसँग रुमानी संवाद गर्दै, नजिकैका वनकन्दरामा पदयात्रा गर्दै विश्वस्तरको ज्ञान प्राप्त गर्न पाउनु संसारका सबै विद्यार्थीको धोको होओस् ! प्रकृतिको अनुपम सौन्दर्य सोपानमा रम्दै विद्यार्थी जीवन बितोस् !

पोखरालाई शैक्षिक गन्तव्यको सहर बनाउन धेरै काम गर्नुपर्ने छ । हाम्रा शिक्षालयलाई राजनीतिक प्रभावबाट मुक्त गर्नुपर्ने छ । शिक्षालाई सर्वसुलभ मात्रै बनाएर पुग्दैन गुणस्तरीय, व्यावहारिक, व्यावसायिक पनि बनाउन

सक्नुपर्ने छ । देश र विश्व बजारमा माग हुने बमोजिमका नवीन शैक्षिक कार्यक्रमहरूलाई पोखरामा भित्र्याउनुपर्ने छ ।

पोखराको शिक्षालाई विश्वसनीय र गुणस्तरीय बनाउन हाम्रो प्रशासनले निम्नानुसारका कार्यक्रमहरू गर्ने छ :

## २.१. सामुदायिक विद्यायलको सुधार :

- महानगरीय शिक्षा बजेटलाई दोब्बर पारिनेछ । यसलाई सामुदायिक विद्यालयहरूको भौतिक अवस्थालाई विश्वस्तरीय बनाउन उपयोग गरिने छ ।
- **राजनीति मुक्त विद्यालय :** 'मेरो शिक्षकले राजनीति गर्नु हुन्न' भन्ने नारा हरेक विद्यालयमा टाँस गर्न लगाउने छौँ । शिक्षकले राजनीति गर्नु वा राजनीतिक दलसम्बद्ध पेसागत वा भातृ संगठनको सदस्य हुनुलाई शैक्षिक अपराध मानिने छ । त्यस्तै विद्यालय व्यवस्थापन समिति (विव्यस)लाई दलीय भागबण्डाबाट मुक्त गरिने छ । स्वयंसेवी भावना भएका, अध्ययनशील र कम्तीमा स्नातक तह उत्तीर्ण गरेको शैक्षिक व्यक्तिलाई मात्रै व्यवस्थापन समितिमा राखिने छ । वि.व्य.स.को अध्यक्षलाई शैक्षिक संस्था व्यवस्थापनको विशेष तालिम दिइने छ । विद्यालय व्यवस्थापन समिति गठनमा निम्न प्रावधानलाई कडाइका साथ लागू गरिने छ :

क) विव्यसमा बस्न कुनै पनि राजनीतिक दल वा दल समर्थित पेसागत वा भातृ संगठनमा आवद्ध छैन भनेर अनिवार्य रुपमा स्वघोषणा गरेको हुनुपर्ने छ ।

ख) अप्राप्य भएको अवस्थामा अभिभावक प्रतिनिधिको हकमा बाहेक विव्यसमा बस्न कम्तीमा स्नातक तह अध्ययन गरेको हुनुपर्ने छ ।

ग) एक जना पूर्व विद्यार्थी अनिवार्य हुनु पर्नेछ ।

घ) गणित तथा विज्ञानको शिक्षकलाई आमन्त्रित सदस्यको रुपमा राख्नु पर्नेछ ।

ङ) विव्यसमा कुनै सल्लाहकार राख्न पाइने छैन । पर्दैन ।

- **प्रविधिको प्रयोग** : विद्यालय व्यवस्थापनबारे महानगरले छुट्टै मोबाइल एप जारी गर्नेछ । सोही एप्पिकेशन मार्फत विद्यार्थी प्रगति विवरण अद्यावधिक गर्ने, लेखा प्रणाली पारदर्शी राख्ने, शिक्षक-कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्ने जस्ता काम गरिने छ । यसमा पर्याप्त शैक्षिक सामग्री सहितको डिजिटल पुस्तकालयको व्यवस्था पनि हुनेछ ।
- **पर्याप्त दरबन्दी :** महानगर पालिकाभित्रका धेरैजसो सामुदायिक विद्यालयमा अझै पनि पर्याप्त दरबन्दी छैन । जसको कारणले कतिपय विद्यालयले विभिन्न शीर्षकमा शुल्क लिनुपरेको छ ।

सामुदायिक शिक्षा पनि पूर्ण रुपमा निःशुल्क हुन सकेको छैन । हाम्रो प्रशासनले सम्बन्धित निकायहरूसँग छलफल गरी दरबन्दी पुरा गर्नेछ । सो काममा विलम्ब भएमा महानगरकै बजेटबाट भुक्तान हुने गरी विशेष दरबन्दीको व्यवस्था गरिनेछ ।

- **पूर्व विद्यार्थी मेला :** सामुदायिक विद्यालय पढेर अहिले समाजका अनेक क्षेत्रमा स्थापित भएका महानुभावलाई आफू पढेको सामुदायिक विद्यालयको दुरावस्थाले धेरै पिरोल्छ । वहाँहरुलाई सार्वजनिक आह्वान गरी विद्यालयमा सहयोग गर्न अनुरोध गरिनेछ । वार्षिक एक पटक उत्सवको रुपमा पूर्व विद्यार्थी मिलन समारोह आयोजना गरी सबैको सहयोग र परामर्श लिइनेछ ।
- **वैदेशिक तालिम :** महानगर पालिका भित्रका सामुदायिक विद्यालयमा अध्यापन गर्ने हरेक शिक्षकबिच आन्तरिक प्रतिस्पर्धा गराई वार्षिक कम्तिमा ५० जना शिक्षकहरूलाई विकसित देशका सहर र त्यहाँका शिक्षालयसँग समन्वय गरी विशेष अध्ययन र तालिम लिन पठाइने छ । अवकाश प्राप्त गर्न कम्तिमा १५ बर्ष बाँकि रहेका वा ४५ बर्ष मुनीका शिक्षकलाई यो योजनामा सरिक गराइनेछ । त्यहाँबाट सिकेर आएको ज्ञानले यहाँको सामुदायिक शिक्षालाई विश्वसनीय, गुणस्तरीय र प्रतिस्पर्धी बनाउनेछ ।
- **निरन्तर मूल्याङ्कन विधि :** आधारभूत तहसम्म निरन्तर मूल्याङ्कन विधिबाट परिक्षण हुने व्यवस्था गर्नेछौं । यसबाहेक अन्य कुनै पनि

परीक्षा लिन नपाइने व्यवस्था गर्नेछौँ । कक्षा ८, १० र १२ बाहेक अन्य कुनै पनि कक्षाको नतिजा सार्वजनिक गर्न नपाइने व्यवस्था गर्नेछौँ । विद्यार्थीको श्रेणी (र्‍याङ्किङ) निर्धारण गर्ने नजिता प्रकाशनलाई गैरकानुनी बनाउनेछौँ ।

- **एकरुप पाठ्यक्रम :** १ बर्षभित्रमा सम्पूर्ण निजी तथा सामुदायिक विद्यालयमा एउटै पाठ्यपुस्तक लागू गर्नेछौँ ।
- **विज्ञान, प्रविधि, सीप, कला :** आधुनिक विज्ञान प्रविधिको व्यापक प्रयोग गराई आइसिटीमा आधारित शिक्षामा जोड दिनेछौँ । रैथाने तथा सनातनी ज्ञान, सीप र प्रविधिलाई औपचारिक ज्ञान हस्तान्तरण विधिमा समेट्नेछौँ ।
- **महाविद्यालयको स्थापना :** विशाल विद्यालयमा मात्रै सबै खाले सुविधा र सर्वाङ्गिण विकासका अवसरहरू सिर्जना हुन सक्छन् । त्यसैले हाम्रो कार्यकालको पहिलो २ बर्षभित्र सेती पश्चिम, सेती र विजयपुरको बिच भाग, र विजयपुर पूर्व गरी उपत्यकाको ३ ठाउँमा १५ देखि २० हजार बालबालिका एकसाथ पढ्न सक्ने गरी बिशाल सामुदायिक विद्यालयहरूको स्थापना गरिनेछ । वा संभावित विद्यालयको स्तरोन्नति गरिनेछ ।

## २.२. शिक्षकलाई अग्राधिकार :

- उत्कृष्ट विद्यार्थीलाई शिक्षण पेशामा आकर्षित गर्न सके मात्रै शिक्षालयहरूको आमूल सुधार हुन सक्छ। त्यसको लागि 'महानगरीय शिक्षा कोष' स्थापना गरी त्यसबाट भए पनि थप हुने गरी शिक्षकहरूको वेतन तथा सुविधालाई वृद्धि गरिनेछ ।
- सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई भिआइपी सरोबरको मान्यता दिइनेछ ।
- प्राध्यापक तथा शिक्षकलाई परिचयपत्र वितरण गरी राज्यका सेवा तथा सुविधा लिँदा लाइन बस्न नपर्नेगरी अग्राधिकार दिइनेछ ।
- सार्वजनिक यातायातमा "गुरु" शीर्षकमा छुट्टै सीटको व्यवस्था गरिनेछ । पोखराभित्रका र पोखरा गन्तव्य भएका सबै हवाई तथा स्थलमार्गका यातायात सेवा प्रदायकसँग समन्वय गरी गुरुहरूको लागि सकेसम्म निःशुल्क र नसके पनि अतिरिक्त सहुलियत दरको भाडा निर्धारित गरिनेछ ।

## २.३ सर्वसुलभ शिशु स्याहार :

- शिशु स्याहार केन्द्रमा निजी लगानीलाई निरुत्साहित गरिनेछ ।
- ९ महिनादेखि ५ बर्षसम्मको बालबालिकालाई शिशु स्याहारको नाममा 'औपचारिक शिक्षा' दिने परिपाटीलाई अन्त्य गरिनेछ ।

- महानगर समुदाय साझेदारी अन्तरगत संचालन हुनेगरी पालिकाभित्रका सबै वडामा कम्तिमा यौटा पर्ने गरी गुणस्तरीय शिशु स्याहार केन्द्रहरू स्थापना गरिनेछन् ।
- यस्ता शिशु स्याहार केन्द्रलाई नसक्नेले तिर्नु नपर्ने, कम सक्नेले कम तिरे हुने र बढी सक्नेले बढी तिर्नु पर्ने गरी नि:शुल्क होइन सर्वसुलभ शिशु स्याहरलाई प्रोत्साहित गरिनेछ ।

## २.४. उच्च शिक्षा र शैक्षिक ऋण :

- महानगर पालिका आफैँले प्राविधिक तथा प्राद्यौगिक विश्वविद्यालय संचालन गर्न बहस पैरवी गर्नेछ । इन्जिनियरिङ तथा मेडिकल शिक्षा आम मानिसको पहुँच बाहिर पुगेको सन्दर्भमा महानगरीय लगानीमा हुने सहुलियत दरका यस्ता शिक्षालयले राज्य प्रतिको आम भरोसा जोगाउन मद्दत गर्नेछ ।
- गरिब तथा जेहेन्दार विद्यार्थीले उच्च शिक्षा लिन सकून भन्ने अभिप्रायले 'महानगरीय शिक्षा कोष' मार्फत निब्र्याजे शैक्षिक ऋण तथा छात्रवृत्ति प्रदान गरिनेछ । यो कोषको क्षमता वृद्धि गर्नको लागि वार्षिक अभियानको रुपमा डोनेशन क्याम्प संचालन गरिनेछ ।
- महानगर पालिकाभित्र संचालित सबै खाले निजी शैक्षिक संस्थाले १० प्रतिशत गरिब तथा जेहेन्दार विद्यार्थीलाई अनिवार्य रुपमा छात्रवृत्ति दिनै पर्ने व्यवस्था गरिनेछ । यस्तो छात्रवृत्ति पाउने विद्यार्थीको सूची

टोलसुधार समितिले सिफारिस गरेबमोजिम वडा स्तरीय शिक्षा समितिले निक्यौल गर्नेछ ।

## २.५ पुस्ताकालय :

- महानगरीय मोबाइल एप्लिकेशनमा सशुल्क डिजिटल पुस्तकालयको सुबिधा दिइनेछ । विद्यार्थीका लागि यो सेवा निःशुल्क हुनेछ ।
- पोखरा उपत्यकाको मध्यभागमा त्यो पनि अन्तरराष्ट्रिय विमानस्थलको छेवैमा रहेको औद्योगिक क्षेत्रलाई स्थानान्तरण गरी उक्त स्थानमा अत्याधुनिक महानगरीय पुस्तकालयसहितको बिशाल संस्कृति गृह (ऋगतिगचभ ज्यगकभ) को स्थापना गरिनेछ ।
- टोल विकास समितिको अगुवाई टोलबासीका आ-आफ्ना घरमा कम्तिमा १०/१० वटा किताब रहने र आलोपालो गरी पढ्न पाइने गरी 'टोल पुस्तकालय' कार्यक्रम ल्याइनेछ । आफ्नो टोलमा कसको घरमा कुन किताब छ भन्ने कुराको जानकारी महानगरीय मोबाइल एपबाटै थाह पाइने व्यवस्था गरिनेछ ।
- प्रत्येक वडामा यौटा सामुदायिक पुस्तकालयको स्थापना गरिनेछ ।
- हरेक विद्यालयमा पर्याप्त सन्दर्भ सामग्री र लाइब्रेरियनको दरबन्दी सहित पुस्तकालय हुनै पर्ने व्यवस्था लागू गरिनेछ । सामुदायिक विद्यालयमा पुस्तकालय स्थापनाको दायित्व महानगरले लिनेछ ।

## ३. सामुदायिक स्वास्थ्य :

जीवन नागरिकको पहिलो अधिकार हो । जस्तो सुकै अवस्थामा पनि बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्न नसक्ने राज्य असफल राज्य हो, नसक्ने नगर निकम्मा नगर हो ।

स्वास्थोपचारका प्राय: जसो महानगरीय संरचना पञ्चायतकालीन छन् । तीनले बढ्दो महानगरीय जनसंख्यालाई थेग्न सक्ने अवस्था छैन । जनसंख्या वृद्धिको दरमा सामुदायिक स्थास्थ्य संस्थाहरूको संख्या, क्षमता र गुणस्तर वृद्धि हुन सकेको छैन । यसकै कारम आम नागरिक महङ्गो स्वास्थ्य सेवा लिन निजी अस्पताल, क्लिनिक धाउन बाध्य छन् । नसक्नेका समस्या त छँदैछन् सक्नेहरू नै पनि अलिकति रोग बल्झिने बित्तिकै काठमाण्डू जानै पर्ने वाध्यतामा छन् । कुनै यस्तो रोग छैन जसमा जस्तो सुकै जटिलता भए पनि पोखरामै उपचार हुन सकोस् ।

रोग, व्याधी, विपद वा दुर्घटनाका बेला स्वास्थ्य सेवाको उपलब्धता र गुणस्तरीयताकै कारणले आम पोखरेलीले ज्यान गुमाउन नपारोस् भन्ने कुरामा हाम्रो प्रशासनको पुरापुर ध्यान जानेछ । महानगर बासीको स्वास्थ्य सुधारका लागि हाम्रो प्रशासनले निम्नानुसारका कार्यक्रमहरू गर्ने छ :

### ३.१. स्वास्थ्योपचार :

- जस्तो सुकै अवस्थाको जुनसुकै रोगको उपचारसेवा हुनसक्ने गरी जनशक्ती तथा भौतिक पूर्वाधार निर्माणको अल्पकालीन, मध्यकालीन

र दीर्घकालीन योजनाहरू बनाई पोखरालाई उत्कृष्ट स्वास्थ्यसेवा गन्तव्य सहरको रुपमा विकसित गर्नेछौँ ।

- सामुदायिक स्वास्थ्य संस्थाहरूको स्तरोन्नती गर्नेछौँ । प्रत्येक वडामा कम्तिमा यौटा सहरी स्वास्थ्य केन्द्रको सुनिश्चितता गर्नेछौँ । केन्द्रमा नि:शुल्क गर्भवती जाँचको व्यवस्था गर्नेछौँ भने एक्स-रे तथा आधारभूत स्वास्थ्य परिक्षण हुनसक्ने प्रयोगशालाको निर्माण गर्नेछौँ । स्वास्थ्य केन्द्रहरूमा परिवार नियोजनका साधनजस्तै स्यानिटरी प्याड पनि नि:शुल्क वितरण हुने व्यवस्था गर्नेछौँ ।
- महानगर पालिकाभित्र खोलिएका अस्पतालहरूसँगको सहकार्यमा सहरी स्वास्थ्य केन्द्रमा चिकित्सिकसहितको टोलीले दैनिक रुपमा स्वास्थ्य जाँच गर्ने व्यवस्था गरिनेछ । यसको लागि महानगर पालिकाभित्र खोलिएका सबै अस्पतालले १० शैया बराबर दैनिक १ घण्टा सहरी स्वास्थ्य केन्द्रमा चिकित्सकीय सेवा दिनपर्ने गरी सहकार्य गरिनेछ ।
- सम्पूर्ण महानगरबासीलाई स्वास्थ्य बिमा अनिवार्य गर्नेछौँ । सानो खर्चको उपचार आफैँले गर्ने तर जटिल तथा खर्चिलो उपचारमा मात्रै महानगरले योगदान दिने गरी महानगर स्तरको छुट्टै स्वास्थ्य बिमा योजना ल्याउनेछौँ ।
- 'सामुदायिक स्वास्थ्य कोष'को स्थापना गर्नेछौँ । निजी स्वास्थ्य सेवा प्रदायकहरूले कारोबारको ५ प्रतिशत रकम उपभोक्त बिलमा थप

गरी अनिवार्य रुपमा स्वास्थ्य कोषमा जम्मा गर्नै पर्ने प्रावधान ल्याउनेछौँ ।

- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा वृद्धवृद्धाको लागि सम्पूर्ण औषधोपचार महानगर पालिकाले व्यहोर्ने गरी कार्यविधि बनाउनेछौँ ।
- वडा कार्यालय मातहत रहने गरी प्रत्येक वडामा कम्तिमा एउटा एम्बुलेन्स उपलब्ध गराउनेछौँ ।

## ३.२. वैकल्पिक विधि :

- आधुनिक चिकित्सा प्रणाली इतरका स्वास्थ्यसम्बन्धि सनातनी अभ्यास, ज्ञान तथा सीपको संरक्षण संवर्धन र संधानमा विशेष कार्यक्रम ल्याउनेछौँ ।
- बैकल्पिक स्वास्थ्योपचार विधि भनेर चिनिने प्राकृतिक चिकित्सा, आयुर्वेद, अकुप्रेसर, अकुपंचर आदि जस्ता परम्परागत र साँस्कृतिक चिकित्सा सम्पदाको ज्ञान सिप हस्तान्तरण, अभ्यास र अनुसन्धानमा टेवा पुग्ने कार्यक्रमहरू बनाउनेछौँ ।
- ध्यान, योग, खेलकुद आदिलाई पोखरेली जीवनशैली बनाउन उत्प्रेरणात्मक योजनाहरू ल्याउनेछौँ ।

## ३.३. फोहोरमैला, प्रदूषण तथा विषादी नियन्त्रण :

- पोखरा १४, बात्सायन घाटस्थित ल्यान्डफिल साइटको अवधि सकिएको र पोखरा अन्तरराष्ट्रिय विमानस्थल सुचारु गर्न त्यसैको कारण अप्ठ्यारो परेको सन्दर्भमा हाम्रो प्रशासनले ६ महिनाभित्रमा उपयुक्त स्थानको खोजी गरी ल्यान्डफिल साइट स्थानान्तरण गर्ने प्रक्रिया सुरु गर्नेछ । त्यस अगावै वडा नं. १४ का बासिन्दासँगको सम्झौताको पूर्ण पालन गर्नेछ जसले गर्दा स्थानान्तरित हुने भूगोलका जनताको भरोसा जित्न सजिलो हुनेछ ।
- फोहरमैला व्यवस्थापनको आधुनिकीकरण गरी त्यसमा खटेर लाग्ने कर्मचारीका समस्याको सम्बोधन गर्नेछौँ ।
- पोखराको फोहोर मध्ये ६२Ü कुहिने अर्थात जैविक, २०Ü पुनर्प्रयोग गर्न सकिने र १८Ü मात्रै नकुहिने र नष्ट गर्नु पर्ने प्रकारको छ । प्रत्येक घरबाटै फोहोरको वर्गीकरण गरेर मात्रै फोहोर संकलन गर्ने विधि अपनाइने छ । कुहिने र पुनर्प्रयोग गर्न सकिने फोहोरबाट आम्दानी गर्ने बाटो खोल्नेछौँ ।
- जैविक फोहोरलाई घरमै कम्पोष्ट बनाई व्यवस्थापन गर्ने परिवारलाई सरसफाई करमा बिशेष छुट दिनेछौँ ।
- टोल विकास समितिलाई अग्रसर गराई बाटो तथा नहरमा फोहोर फाल्ने कामलाई निरुत्साहित गर्नेछौँ ।

- पोखरा औधोगिक क्षेत्रबाट निस्किने रसायनयुक्त हानिकारक फोहोर सोझै सिँचाईका नगरमा मिसाइएको देखिन्छ । उद्योगले आफ्नो फोहोर आफैँ व्यवस्थापन गर्नु पर्ने बाध्यकारी नियम बनाउनेछौँ ।
- पोखरालाई प्लास्टिक झोलामुक्त सहर घोषणा गर्नेछौँ । कुहिने प्रकारको जैविक झोलाहरू उत्पादन गर्ने व्यवसायलाई कर छुट तथा अन्य अनुदान दिनेछौँ ।
- ताल तलैया, नदीनालामा हुने प्रदूषणलाई निस्तेज गर्न बिशेष कार्ययोजना ल्याउनेछौँ ।
- उपभोक्ता अधिकारको बिषयमा काम गर्ने संस्था तथा विज्ञहरूको अगुयाईमा तरकारी तथा फलफुलमा मिसाइएको बिषादीको नियमित परिक्षण हुने व्यवस्था गर्नेछौँ । रेस्टुरेन्टको खाना, तयारी प्याकेटका खाना लगायत अन्य सबै खाध्यान्नको नियमित गुणस्तर मापन गर्नेछौँ । गुणस्तरको महानगरीय मापदण्ड बनाई सोभन्दा न्यून गुणस्तरको खाध्यबस्तुको बिक्री-वितरणमा रोक लगाउनेछौँ ।
- पोखराभित्रका उत्पादन तथा बिक्री वितरण हुने वातावरणीय प्रभाव पार्ने वा प्रदूषण बढाउने बस्तु तथा सेवाको मूल्यमा अतिरिक्त ५ प्रतिशत 'प्रदूषण नियन्त्रण कर' लिने व्यवस्था गरिनेछ । यस्ता प्रदूषण बढाउने बस्तु तथा सेवाको सूची महानगरले प्रकाशित गरेबमोजिम हुनेछ ।

## ३.४. खानेपानी :

- खानेपानीको जलाधार क्षेत्रलाई दिगो, सफा र सुरक्षित बनाइन विभिन्न कार्यक्रमहरू ल्याउनेछौँ । पोखराका ग्रामिण क्षेत्रको खानेपानीका मुहान, मुल, कुवा, धारा आदिलाई प्राकृतिक र साँस्कृतिक संपदाको रुपमा जगेर्ना गरिनेछ ।
- प्रत्येक महिना खानेपानीको गुणस्तर जाँच गर्ने व्यवस्था गरिनेछ । नेपाल खानेपानी संस्थानसँगको समन्वयमा धाराको पानीलाई सोझै पिउन मिल्ने गरी प्रशोधन गरिनेछ । धाराको पानी पूर्णतया स्वच्छ भएको ग्यारेन्टी गरी सोझै पानी पिउँदा बिरामी भएमा सम्बन्धित निकायबाट क्षतिपूर्ति पाइने व्यवस्था गरिनेछ । शुद्धताको सुनिश्चितताका लागि सरकारी कार्यालयहरूमा जारको पानी वा बोत्तलको पानी राख्न रोक लगाइनेछ ।
- पोखरा महानगरभित्रका सबै घरमा खानेपानीको धारा पुग्ने सुनिश्चितता गर्नेछौँ ।
- मुख्य सहरी क्षेत्र, मठ-मन्दिर तथा धार्मिक स्थल, पार्क, सामुदायिक शिक्षालय आदि ठाउँमा शुद्ध र शीतल जल नि:शुल्क उपलब्ध गराउने गरी पानी खाने स्थल व्यवस्थापन गर्नेछौँ ।
- आजकाल पुरिएर कतै नदेखिने सार्वजनिक हिटी तथा पोखरीहरू संभव हुने हदसम्म उत्खनन गरी पुरानै अवस्थामा फर्काउनेछौँ ।

यस्ता साँस्कृतिक सम्पदाले भूमिगत पानीलाई पुनःभरण गर्न र बस्तीमा शीतलता कायम गर्न सहयोग दिनेछ ।

## ३.५. सार्वजनिक शौचालय :

- महानगर पालिकाभित्रका सार्वजनिक शौचालयको निर्माण, संचालन र अनुगमनका लागि सार्वजनिक शौचालय निर्देशिका जारी गर्नेछौं । प्रत्येक वडामा कम्तिमा यौटा पर्ने गरी सार्वजनिक शौचालय निर्माण गरिनेछन् जसमा निम्नानुसारका सेवाहरू अनिवार्य हुनेछन् :

  क) महिला तथा पुरुषका लागि छुट्टाछुट्टै शौचालय

  ख) अपाङ्गहरूको लागि बिशेष शौचालय

  ग) स्तनपान कक्ष

  घ) डायपर फेर्ने कक्ष

  ङ) सेनिटरी प्याड भेन्डिङ मसिन

- मुख्य बजारक्षेत्रका १०० जनाभन्दा धेरैले एकसाथ सेवा लिन मिल्ने कुनै पनि सार्वजनिक संस्था वा व्यावसायिक गृह (सुपर मार्केट, होटल, रेस्टुरेन्ट, अस्पताल) आदिले प्रवेशद्वारको छेउमा सर्वसाधारणहरूलाई समेत प्रवेश खुल्ला हुने गरी आफ्नै व्यवस्थापनमा सार्वजनिक शौचालयको सुविधा दिन प्रेरित गरिनेछ।

- सार्वजनिक शौचालयहरू नि:शुल्क गरिनेछन् । सार्वजनिक शौचालयको सरसफाइ तथा रेखदेखको बजेट सरसफाई करबाट विनियोजन गरिनेछ ।
- शौचालयको सुविधा र सरसफाईको अनुगमन प्रयोगकर्ताबाट हुनेछ । महानगरीय मोबाइल एप्लिकेशनमा प्राप्त अंकका आधारमा शौचालय संचालनमा लापरवाही गर्ने संस्था वा कर्मचारीलाई सार्वजनिक स्वास्थ्यमा खेलवाड गरेको आरोप सहित कारवाही गरिनेछ ।

## ३.६. खेलकुद :

खेलकुदलाई नागरिकको खुसी, स्वास्थ्य अनि खेलकुद गतिविधिलाई रोजगार वृद्धि र पर्यटनसँग जोडेर हेर्न सकिन्छ । नेपालमा खेलकुदको आर्थिक र पर्यटकीय महत्वलाई हिसाब राख्ने चलन नभए पनि खेलकुदले विश्व पर्यटन उद्योगको मात्रै १० प्रतिशत हिस्सा ओगट्ने गर्छ । राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलकुद गतिविधिका लागि पहिलो रोजाईको गन्तव्य सहरको रुपमा पोखरालाई विकसित गर्ने दीर्घकालीन योजनाहरू बनाइनेछन् । ५ बर्षको कार्यकालभित्रै सम्पन्न गर्न सकिने गरी निम्नानुसारका कामहरू गरिनेछन् :

- पोखरा रंगशालालाई पर्यटकीय गन्तव्यको रुपमा सौन्दर्यीकरण गरिनेछ ।
- महानगरीय खेलकुद गतिविधिलाई राजनीतिक भागबण्डाबाट मुक्त गरिनेछ । महानगरको भूमिका रहने खेलकुदका समितिहरूमा

राजनीतिक आवद्धताको आधारमा नभई योग्यता र क्षमताको आधारमा पदाधिकारीहरू नियुक्त गरिनेछ ।

- कुनै पनि खेलबाट राष्ट्रको प्रतिनिधित्व गरेका महानगरबासी खेलाडीलाई जीवनवृत्तिको व्यवस्था गर्न यौटा 'खेलकुद कोष'को निर्माण गरिनेछ ।
- युवा क्लबहरूको संरक्षकत्व रहने गरी प्रत्येक वडामा कम्तिमा यौटा सुविधासम्पन्न व्यायामशाला (जिमखाना) निर्माण गरिनेछ ।
- महानगर पालिकाभित्र प्रत्येक १ घण्टाको पैदल दूरीमा पर्ने गरी पार्क तथा खेलकुद मैदानको निर्माण गरिनेछ । सार्वजनिक चौर भएका ठाउँमा त्यसैलाई व्यवस्थित गरिनेछ भने नभएका ठाउँमा जग्गा अधिग्रहण गरेर भएपनि खेलकुद मैदान बनाइनेछ ।
- फुटबल, क्रिकेट, मार्सल आर्टस् लगायतका व्यावसायीक रुपमा महत्वपूर्ण देखिएका र महानगरमा लोकप्रिय रहेका खेलको प्रत्येक वडामा नियमित प्रशिक्षण हुने व्यवस्था गरिनेछ। वडा स्तरीय फुटबल र क्रिकेटलाई वार्षिक रुपमा संचालन गरिनेछ ।
- अन्तरराष्ट्रिय प्रतियोगिताहरूमा भाग लिई पदक प्राप्त गर्न सफल हुने जुन सुकै नेपाली खेलाडीलाई पोखरा आएर स्थायी बसोबास गर्न निमन्त्रणा दिइनेछ। वहाँहरूको स्थायी आगमनले पोखराको खेलकुद गतिविधिलाई प्रोत्साहित गर्नेछ । यसरी स्थायी बसोबास गर्ने खेलाडीलाई महानगर पालिकाले घरजग्गा कर लिने छैन भने घर

निर्माणमा समेत विशेष सहुलियत, अनुदान तथा वित्तीय संस्थासँगको सहकार्यमा सहुलियत ऋण प्रदान गर्नेछ ।

- महानगरभित्र संचालित प्रत्येक विद्यालयमा अनिवार्य रुपमा खेल प्रशिक्षक राख्नै पर्ने व्यवस्था गरिनेछ। यसरी राखिने खेल प्रशिक्षकको योग्यता महानगरले तोकेबमोजिक हुनुपर्नेछ । यसले उत्कृष्ट खेलाडीलाई रोजगारीको अवसर सिर्जना गर्नेछ ।

## ३.७. दूर्व्यसन नियन्त्रण :

- लागू औषधको प्रयोग तथा अन्य दूर्व्यसनलाई नियन्त्रण गर्न टोल सुधार समितिहरू परिचालन गरी नतिजामूखी काम गर्नेछौं ।
- डिपार्टमेन्टल स्टोर्स, किराना पसल, रेस्टुरेन्ट आदिबाट सूर्ती चुरोट गुड्का आदिजस्ता पदार्थ बिक्रि वितरण गर्न पूर्णतया रोक लगाइनेछ । यस्ता समाग्री विक्रि गर्नको लागि छुट्टै प्रकृतिको सूर्ति पसल ( टोबाको सप) खोल्न दिइनेछ ।
- बस पार्क, मन्दिर, विद्यालय तथा क्याम्पस क्षेत्र आदिदेखि ५०० मिटरको परिधिसम्म मदिरा तथा सूर्तिजन्य पदार्थ बिक्रिवितरण गर्न पूर्णतया रोक लगाइनेछ ।
- बिना इजाजत जथाभावी खोलिएका मदिरा पसललाई अनुगमन गरी बन्द गरिनेछ । अनुमतिप्राप्त मदिरा पसलहरू पनि साँझ ५ बजेदेखि १० बजेसम्म मात्रै खोल्न पाइने व्यवस्था गरिनेछ ।

- खाजा-खाना गृह (रेस्टुरेन्ट) लाई पारिवारिक भोजनालय र मदिरालय गरी दुई भागमा विभाजन गरिनेछ। पारिवारिक भोजनालयको नाममा दर्ता भएका रेस्टुरेन्टमा मदिरा बिक्रि गर्न रोक लगाइनेछ । पर्यटन पकड क्षेत्रका बाहेक अन्यत्रका मदिरालय साँझ ५ बजेपछि मात्रै खोल्न पाइने व्यवस्था गरिनेछ ।

# ४. पर्यटन

पर्यटन पोखराको मुख्य चिनारी हो । पोखरा विकासको मुख्य सम्भावित आधार हो। पर्यटकीय पूर्वाधार र गतिविधिको सचेत विकासले मात्रै पोखराको भाग्य फेरिन सक्छ ।

तर पर्यटन एक्लै फस्टाउने उद्योग होइन। विकासका सबै पूर्वाधार र तिनको सदुपयोगलाई पर्यटनसँग जोडेर हेर्न थालियो भने मात्रै यो उद्योगको दिगो विकास हुनसक्छ । शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, व्यापार, खेलकुद तथा साहसिक गतिविधि, यायायात, वाङ्गमय (कला, साहित्य, संगीत, सिनेमा तथा नाटक...) भनेका सर्वाङ्गिण र दिगो पर्यटन विकासका आधारशिला हुन् । फेवा र हिमालमा मात्रै केन्द्रित पर्यटनले हामीलाई कतै लग्दैन । सहरी सौन्दर्य, मौलिक जीवनशैली, सुबिस्ता युक्त यातायात, आकर्षक चाडबाड, धर्म, संस्कृति, परम्पराको मौलिक  अभ्यास आदिले पर्यटनका सिर्जनात्मक आधार तयार गर्छन् ।

दिगो पर्यटनका आधारहरू तयार गर्न, भएका आधारलाई संरक्षण र प्रवर्धन गर्न हाम्रो प्रशासनले निम्नानुसारका कार्यहरू गर्नेछ :

- सौम्य पर्यटन पोखराको परिचायक हो । यहाँको पर्यटनको मुल आधार प्रकृति र पर्यावरण हो। यसैले पर्यटनको प्रवर्धनमा प्रकृति र पर्यावरणलाई मुल आधार बनाउनेछौं ।

- शिक्षा, स्वास्थ्य, खेलकुद, यातायात, सहरी सौन्दर्य, सरसफाई, कला-संस्कृति, कृषि, उद्योग, व्यापार आदि सबैलाई पर्यटनका आधारस्तम्भका रुपमा वा सहयोगी प्रवर्धकका रुपमा विकसित गर्नेछौँ । पोखरा विकासका कुनै पनि योजना बनाउँदा पर्यटनलाई मुख्य आधार बनाएर गर्नेछौँ ।
- पोखराका सबै पर्यटकीय गन्तव्यलाई जोड्ने गरी पर्यटन-रुट तोक्नेछौँ । यसको लागि थप सडक निर्माण वा विस्तार गर्नु परे गर्नेछौं । यस्तो रुटमा सुरक्षित सडक पेटी, साइकल लेनको सुबिधा हुनेछ । पुरै रुटभरी हवाई बगैँचा (सडक बगैँचा) निर्माण गर्नेछौँ । रुटमा पर्ने आवास गृहहरूलाई परम्परागत मोहोडाको बनाउन प्रेरित गर्नेछौँ, त्यसको लागि बिशेष अनुदान वा कर छुट दिनेछौँ ।
- पोखरामा नियमित रुपमा हुँदै आएका र राष्ट्रिय रुपमा ख्याति कमाएका साहित्य महोत्सव, नाटक महोत्सव, सिनेमा महोत्सव आदिको अभिभावकत्व लिनेछौँ । जुनसुकै व्यक्ति र संस्थाले यसको आयोजना र संचालन गरेको भए पनि यसले पोखराको सिर्जनात्मकतालाई चिनाएको छ ।
- पोखरा गाउँ नै गाउँले बनेको पाटन र चौरको सहर हो । यहाँका हरेक गाउँको मौलिक बिशेषता छ । गाउँको मौलिक बिशेषतालाई पहिचान गरी, त्यसलाई विशिष्टिकृत गरी '**गाउँले जनजीवन, सहरी सुबिधा**' युक्त सहर बनाउने मौलिक योजनाहरू ल्याउनेछौँ ।

- **कन्सेप्ट बैंक**को स्थापना गरी पर्यटन लक्षित नयाँ व्यवसाय गर्न चाहनेहरूलाई प्रोत्साहन गर्नेछौँ । आफूसँग भएको कुनै पनि नवीन व्यावसायीक कन्सेप्टलाई महानगरपालिकाको बैंकमा राख्न सकिनेछ । उक्त बैंकको उपस्थिति र रोहवरमा आफ्ने कन्सेप्टमा लगानीकर्ता खोज्न वा कन्सेप्टलाई बिक्री गर्न सघाऊ पुग्नेछ ।
- प्रत्येक वडामा रहेका पर्यटकीय संभावनाको अध्ययन गरी **"एक वडा एक पर्यटकीय गन्तव्य"** निर्माण गर्नेछौँ । टाकुरामा मूर्ति स्थापना र भ्युटावरको निर्माणलाई निरुत्साहित समष्टिगत पर्यटकीय गन्तव्य निर्माणमा जोड दिनेछौँ । स्थानीय जनता, विज्ञ समूहसँगको अन्तरक्रिया र परामर्शको आधारमा निजी क्षेत्र र सहकारीसँगको समन्वयमा निम्नानुसारका थप पर्यटकीय गन्तव्य निर्माण वा परिस्कार हुनेछन् । यस्ता योजनाहरू अर्ध सहरी तथा ग्रामिण क्षेत्रका वडाहरूमा केन्द्रित गरिनेछ ।

  क) **पुतली बगैँचा :** नेपालमा ६७६ प्रजातीका पुतलीहरू पाइन्छन् । त्यसमा पनि गण्डकी क्षेत्र पुतलीको सबैभन्दा धेरै प्रजाती पाइने क्षेत्र हो । १५ बर्षअघिसम्म पोखराका हरेक ठाउँमा पुतली उडेको देख्न सकिन्थ्यो । तर आजकल बढ्दो सहरिकरण, प्रदूषण तथा विषादीको प्रयोगले पुतली देखिन छाडे । हाम्रो प्रशासनले सामुदायिक वन भएको कुनै वडामा

पुतली प्रजनन केन्द्र खोल्ने छ। यसले त्यस वडाको पर्यटकीय गतिविधि बढाउनेछ ।

ख) **सिमसार संग्रहालय :** पर्यटकीय गतिविधि कम भएको कुनै एउटा ताल छेऊमा एउटा सिमसार संग्रहालय स्थापना गरिनेछ । यसमा नेपालमा पाइने जलचरहरू, सिमसार आश्रित जनजातीको संस्कृति, परम्परागत माछा मार्ने विधिको भिडियो प्रदर्शनी, पोखराका सिमसार क्षेत्रमा पाइने चराको परिचय आदिजस्ता सर्दामहरू राखिनेछन् ।

ग) **पेटिङ जु** : कृषि-पर्यटनलाई परिष्कृत गर्ने योजना अनुसार पोखराको जलवायुले साथ दिने सबै प्रकारका घरपालुवा जनावर एकै ठाउँमा हेर्न मिल्ने गरी घरपालुवा जनावरको चिडियाखाना (पेटिङ जु) खोल्न निजी क्षेत्रसँग सहकार्य गर्नेछौं ।

घ) **सिर्जना ग्राम :** पोखरेली वाङ्मयिक सर्जकहरूले दशक अघिदेखि देखेको सिर्जना ग्रामको सपनालाई महानगरपालिकाले अभिभावकत्व लिई पुरा गर्नेछ । पोखरेली सर्जकहरूको अगुवाईमा पोखरा महानगरको ग्रामिण क्षेत्र (वडा नम्बर २०, २१, २२, २३, २४, २८, ३१ र ३३ मध्ये एक) मा सिर्जना ग्रामको स्थापना गरिनेछ । यसले पोखराको सिर्जनात्मक चिनारी र वाङ्मयिक पर्यटनलाई प्रवर्द्धन गर्नेछ ।

ङ) **संस्कृति गृह :** पोखरा उपत्यकाको मध्यभागमा त्यो पनि अन्तराष्ट्रिय विमानस्थलको छेवैमा रहेको औद्योगिक क्षेत्रलाई स्थानान्तरण गरी उक्त स्थानमा अत्याधुनिक महानगरीय पुस्तकालयसहितको बिशाल संस्कृति गृह (ऋगतितिगचभ ज्यगकभ) को स्थापना गरिनेछ । संस्कृति गृहमा निम्नानुसारका पूर्वाधार र सुविधा/गतिविधि हुनेछन् :

- संगीत, वाद्यवादन, नृत्य, अभिनय, चित्रकला, मूर्तिकला जस्ता सिर्जनात्मक कामको नियमित प्रशिक्षण
- पुस्तक, चित्रकला, मूर्तिकला आदि लगायतका सिर्जनात्मक उपजहरूको बिक्रिकेन्द
- कला संग्रहालय
- अत्याधुनिक सभाकक्ष
- नाटक घर, सिनेमा हल
- महानगरीय पुस्तकालय
- पोखराका वाङ्मयिक संस्थाहरूको कार्यालय

च) **सहरी वन :** सेती नदीमा जोडिएका उपत्यकाका सबै नदीनालाका नदी तटीय क्षेत्र सबैभन्दा धेरै अतिक्रमणमा परेका छन् । अतिक्रमित जमिनलाई महानगर मातहत ल्याइनेछ भने आवश्यक परेका ठाउँमा जग्गा अधिग्रहण समेत गरी यी सबै नदी कोरिडोरलाई समावेश गरी विशाल तथा एकिकृत सहरी

वन निर्माण गरिनेछ । नदिकृडा, साइक्लिङ, नदितटीय पदयात्रा, पिकनिक, क्याम्पिङ आदिको लागि यो क्षेत्र प्रख्यात हुनेछ ।

छ) **बात्यायन वाटिका :** कामसुत्रजस्तो विख्यात कृतिका रचनाकार, प्रेमर्षि भनेर संसारभर चिनिने ऋषि बात्सायनको तपोभूमि वात्यासन घाट क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने उद्देश्यले बात्सायन वाटिकाको निर्माण गरिनेछ ।

छ) **वाटर स्पोर्टस् :** पर्यावरणीय अध्ययनको आधारमा कुनै एक माललाई पर्यावरणीय दायित्वको दृष्टिकोणबाट खुकुलो बनाई जलकृडाजन्य खेलकुद (वाटर स्पोर्टस्) संचालनको अनुमति दिइनेछ । संभाव्यताको अध्ययन गरी सेती बाहेकको कुनै एक खोलामा बाँध बाँधेर कृतिम ताल बनाई जलकृडाजन्य खेलकुद गतिविधि गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

ज) **प्राचीन तथा साँस्कृतिक बस्ती अवलोकन :** निश्चित जातजाती तथा धर्मका मान्छेहरू एकिकृत भएर बसेका क्षेत्रलाई प्राचीन बस्तीको रुपमा सूचीकृत गरी त्यस्तो बस्तीलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ । जस्तै, तेर्सापट्टी र भैरवटोलको नेवार बस्ती, मियापाटनको ईस्लाम बस्ती, बाटुलेचौरको गन्धर्वबस्ती जस्ता बस्तीका नागरिकले आफ्नो

घरलाई परम्परागत शैलीले बनाउन चाहेमा महानगरले करछुट तथा अनुदान दिने व्यवस्था गरिनेछ ।

झ) **फलफुल पार्क :** ग्रामिण क्षेत्रको कुनै वडामा पोखरा क्षेत्रको कुनै एक सामुदायिक वनलाई फलफुल पार्कको रुपमा विकसित गरिनेछ । यो पार्कमा मध्यपहाडी क्षेत्रमा पाइने सम्पूर्ण प्रजातिका रैथाने फुल तथा फलफुलका बिरुवा रोपी आकर्षक बनाइनेछ ।

ञ) **अवकाश गृह :** स्वदेशी तथा विदेशी धनाड्यहरूलाई लक्षित गरी सुविधासम्पन्न सःशुल्क अवकाश गृहहरू संचालन गर्ने निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । निश्चित रकम भुक्तान गरेपछि सुविधासम्पन्न बुढ्यौली बिताउन पाइने यस्ता अत्याधुनिक आवास गृहहरू आकर्षणको केन्द्र हुनेछन् । यसको लागि महानगरले “बुढ्यौली बिताउन पोखरा आऊँ” भन्ने कार्यक्रम संचालन गर्नेछ ।

ट) **रिभर गर्ज अवलोकन :** संभाव्यताको अध्ययन गरी सेती र विजयपुरका खोँचहरूलाई भित्रै पुगेर अवलोकन गर्ने साहसिक गतिविधि संचालन गर्नेछौं ।

ठ) **जीवित कृषि संग्रहालयः** रैथाने बिऊ बिजन तथा परम्परागत प्रविधिको प्रयोग गरी, असारे १५, हरेलो हाल्ने, न्वाईं खाने, दाईं राख्ने जस्ता कृषि संस्कृतिको सम्पूर्ण अभ्यास हुने गरी

कुनै एक कृषि पकड क्षेत्रलाई जीवित कृषि संग्रहालयको रुपमा विकास गर्नेछौँ ।

## ४.१ सहरी सौन्दर्य : बुटिक महानगर

पोखरा संसारकै सुन्दरमध्येमा पर्ने तर संसारकै यस्तो अभागी सहर हो जुन योजनाविहिन अव्यवस्थित बसोबासको कारणले बिस्तारै कुरुप बन्दै गएको छ । पोखराले विश्वव्यापी अवधारणाअनुसारको महानगरीय पूर्वाधार धान्नै सक्दैन । हिमालदेखि १ दिने पैदलयात्राको दूरीमा रहेको, १० वटा प्राकृतिक ताल र जलाशय भएको, दर्जनभन्दा बढी खोलानाला बगेको, पहिरोको उच्चजोखिम भएका डाँडाकाँडा शिरमा थापेर बसेको, बर्षैपिच्छे कतै न कतै भासिइरहने कमजोर भु-वनोट भएको, क्षेत्रफलमा मात्रै देशकै ठुलो तर अवस्थितिले सानो सहरमा हुने सानो गतिविधिले पनि पर्यावरणीय असन्तुलन निम्त्याउन सक्छ ।

अभै पनि हामी पोखरालाई “सुन्दर नगरी” भन्छौँ, नगर वा महानगर कहाँ भन्छौँ र ?

त्यसैले पोखरालाई ठुला पूर्वाधारले होइन साना, पर्यावरण मैत्री र सिर्जनात्मक पूर्वाधारले सजाएर बुटिक सहरको रुपमा विकास गर्नु पर्ने हुन्छ । पोखरालाई सजाउन बुटिक अवधारणामा काम गर्न सके यसले दिगो पर्यटनको ढोका खोल्न सक्छ ।

पोखरालाई चिटिक्क सजाउन केके काम गर्न सकिन्छ ? भन्ने बिषयमा वृहत छलफल गर्नेछौं । त्यसको लागि कला-साहित्य, धर्म-संस्कृति, पर्यावरण, खेलकुद, कृषि, उद्योग तथा व्यवसाय आदि क्षेत्रका विशिष्ट महानुभावहरू सम्मिलित नगर सल्लाहकार परिषद बनाउनेछौं । कुनै पनि भौतिक विकासका पूर्वाधार निर्माण गर्दा यस्तो समितिको परामर्श अनिवार्य लिने व्यवस्था गर्नेछौं । पोखरा महानगरपालिका भित्र हुने कुनै पनि विकासलाई सहरी सौन्दर्य-सोपानको रुपमा हेर्ने प्रणालीको विकास गर्नेछौं ।

पोखराको सहरी सौन्दर्य कायम राख्न र यसलाई बुटिक सहरको रुपमा परिष्कार गर्न हाम्रो प्रशासनले निम्नानुसारका काम गर्नेछ :

**क)** **भूतलीय सौन्दर्य :** सफा सुरक्षित र खाल्टाखुल्टीरहित सडक, हवाई बगैँचा, साइकल लेन, स्पष्ट जेब्राक्रक, लहबद्ध सडक बत्ती, ट्रफिक लाइट, व्यवस्थित पार्किङ, भूमिगत तार, कलात्मक र एकरुप घर । सहरभरी फुल्ने मौसम अनुसारका आकर्षक फुलका रुख । यिनले पोखराको भूतलीय सौन्दर्य बढाउनेछन् ।

**ख)** **क्षितिजीय सौन्दर्य :** जुनसुकै खुला ठाउँबाट हिमाल देखिने सुनिश्चिता, आकाशबाट वा उचाईबाट हेर्दा देखिने मानव बस्ती, चौडा बाटो, हरियालीयुक्त पहाड, धुँवा धुलो रहित सुरम्य आकाश । यसले पोखराको क्षितिजीय सौन्दर्य बढाउनेछ ।

**ग)** **सन्ध्याकालीन सौन्दर्य :** घर नजिकै बास बस्न आउने चराहरूको ताँती र चिरबिर । साँझ र रातको समयमा पहाडबाट उपत्यका हेर्दा होस्

या उपत्यकाबाट पहाडलाई अवलोकन गर्दा नै किन नहोस्, आँखामा नअटाउने झिलिमिलीको रौनकता । सडकमा गुडिरहेका मोटरहरूको रात्रीकालीन नजारा । लहरबद्ध सडक बत्ती र बगलका पसल, रेस्टुरेन्टको लोभलाग्दो सजावट । सुरक्षित र रमाइलो रात्री-जीवन । यसले पोखराको सन्ध्याकालीन सौन्दर्यलाई पहिचान दिनेछन् ।

घ) **साँस्कृतिक सौन्दर्य :** विभिन्न जातजाती र धर्मालम्बीहरूको परम्परा झल्किने घर । समुन्नत संस्कृति गृह । कलात्मक संग्रहालय । बर्षभरि चल्ने विभिन्न चाडबाडको मौलिक उत्सव । लोक संगीत र संस्कृतिको सजीव अभ्यास । प्राचीन गल्ली र पुराना बजार । धार्मिक क्षेत्रहरू, सम्पदा बस्तीहरू । मौसम अनुसारका अन्नबाली झुलेका सुरम्य खेतबारीहरू । यसले पोखराको साँस्कृतिक सौन्दर्यको रेखा कोर्नेछन् ।

ङ) **मानवीय सौन्दर्य :** सभ्य जीवनशैली, पर्यटकमैत्री बोली । सफासुग्घर आनीबानी । प्रदूषणमुक्त ताल तथा नदी । रैथाने बोटविरुवा सहितको सामुदायिक तथा सहरी वन । पार्कमा खेलिरहेका केटाकेटीहरू । चौतारामा बियालौँ गरिरहेका वृद्धवृद्धा । फुलबारी सहितको बच्चा बच्ची खेल्ने आँगन र दुईवटा मात्रै भए पनि फलफुलका रुख रोपिएको घरबारी । यसले पोखराको समृद्ध मानवीय सौन्दर्यको विवरण देखाउनेछन् ।

## ४.२ सर्वोत्कृट आवास/सिर्जनात्मक सहर :

पोखराको आवासलाई यस्तो सरल, यस्तो सुविधायुक्त, यस्तो आरामदायी र सुरक्षित बनाइयोस्, यस्तो अवसरदायक बनाइयोस् कि देशभरका मात्रै नभएर विदेशी नागरिकहरू समेत पोखरामा बसाईं सर्न लालायित होऊन् ।

पोखरालाई सिर्जनात्मक व्यक्तिहरूको स्थायी थलोको रुपमा विकसित गर्न पहिले हामीले आफ्नै नगरमा रहेका प्रतिभाहरूलाई प्रस्फुटित हुन पाउने वातावरण दिन सक्नु पर्छ । दोस्रोमा अन्य ठाउँका प्रतिभालाई यहाँ आएर बस्न लालायित पार्न सक्नु पर्छ ।

पोखराको सिर्जनात्मक गतिविधिलाई प्रोत्साहित गर्न हाम्रो प्रशासनले बसाई आमन्त्रण कार्यक्रमको घोषणा गर्नेछ । कला, साहित्य, संगीत, खेलकुद, पत्रकारिता, प्राज्ञिक अनुसान्धान, आविस्कार लगायतका कुनै पनि सिर्जनात्मक क्षेत्रमा विशिष्ट पहिचान बनाएका व्यक्तित्वहरूलाई पोखरामा स्थायी बसोबास गरी बस्न विशेष निमन्त्रणा गर्ने वार्षिक कार्यक्रमको आयोजना गरिनेछ । वहाँहरूको स्थायी आगमनले पोखराको सिर्जनात्मक गतिविधिलाई प्रोत्साहित गर्नेछ । यस्तो आमन्त्रणालाई राजनीतिक पूर्वाग्रहबाट मुक्त पार्ने गरी कार्यविधिहरू बनाइनेछ । यसरी स्थायी बसोबास गर्ने सर्जकसँग महानगर पालिकाले जीवनभर कुनै घरजग्गा कर लिने छैन भने घर निर्माणमा समेत विशेष सहुलियत र अनुदान दिनेछ ।

पोखरामा पहिल्यैदेखि स्थायी बसोबास गरिरहेका सिर्जनात्मक व्यक्तित्वहरूलाई पनि यो कार्यक्रममा समावेश गरी महानगरीय सुविधा प्रदान गरिनेछ ।

महानगरअन्तरगत गठित पोखरा प्रज्ञा परिष्ठानलाई राजनीतिक भर्तीकेन्द्र हुनबाट जोगाउन विशेष कार्यविधि बनाइनेछ । राजनीतिक दलको सदस्यताको आधारमा होइन सिर्जनात्मक योगदानको आधारमा यस्ता प्रतिष्ठानका प्राज्ञहरूको चयन हुने कुराको सुनिश्चितता लिइनेछ ।

## ४.३ अव्यवस्थित बसोबास (सुकुम्बास) रहित महानगर :

अव्यवस्थित बसोबास पोखरालाई कुरुप बनाउने एउटा प्रमुख कारक हो ।

'भूमिहीन' शब्दको प्रयोगले भू-स्वामित्वलाई अपरिहार्य बनाएर भू-स्वामित्व नभएका नागरिकलाई अपमान गर्ने बाहेक केही काम गर्दैन । जमिन नहुनु भनेको गरिब हुनु होइन । घर नहुनु भनेको नागरिक नहुनु होइन । भाडाको घरमा बसेर पनि काम गर्न सकिन्छ, व्यवसाय गर्न सकिन्छ, उन्नत जिन्दगी बाँच्न सकिन्छ भन्ने विचारको जागरण आवश्यक भैसकेको छ ।

यस्तो सोचको विकास गर्न नसेकेमा हरेक बर्ष देशमा नयाँ नयाँ भूमिहीनहरू थपिइरहने छन् ।

संसारका उन्नत देशमा पनि मान्छेसँग आफ्नै जग्गा र घर हुँदैन । तथापि उनीहरू उन्नत जिन्दगी बाँचिरहेका हुन्छन् । 'सुकुम्बासी' जस्तो अपमानजनक शब्द प्रयोग गराइएर कमसल आवास तथा इलाकामा कमसल जिन्दगी बाँच्न

वाध्य पारिएको कथाको अब अन्त्य हुनु पर्छ । यसका लागि हाम्रो प्रशासनले निम्नानुसारका कामहरू गर्नेछ :

१) राजनीतिक दलको आडमा जबरजस्ती सार्वजनिक सम्पत्ति कब्जा गरी बसेका जोकोही व्यक्ति वा संस्थालाई हटाइनेछ । पोखरालाई अव्यवस्थित तथा अनधिकृत बस्तीमुक्त क्षेत्र बनाइनेछ ।

२) तर यसरी हटाउँदा महानगरले सुकुम्बासी हुन वाध्य पारिएका गरिब नागरिक प्रतिको कर्तव्य यसरी पुरा गर्नेछ ।

   क) सुकुम्बासी हुन वाध्य पारिएका नागरिकलाई हटाउँदा न्युनतम ६ महिना बराबरको घर बहाल पुग्ने रकम क्षतिपूर्ति बापत दिइने छ ।

   ख) पोखरा महानगरका ग्रामिण वडामा 'सामुदायिक आवास क्षेत्र' निर्माण गरिनेछ । न्युनतम शुल्कमा घर बहाल पाइने गरी आधारभूत सुविधाले सम्पन्न यस्ता आवास गृह बनाइनेछन् । यस्ता आवास गृहको संचालन र अनुगमन सम्बन्धित क्षेत्रको वडा कार्यालयले गर्नेछ ।

पोखराबासी मतदाता साथीहरू,

सबै चिज हुँदा हुँदै पनि दरिद्र जिन्दगी बाँच्नु नालायकीपन बाहेक केही हुँदैन । प्रसिद्ध वैज्ञानिक अल्वर्ट आइन्स्टाइन भन्नुहुन्छ : बारम्बार उही तरिकाले यौटै काम गरिरहने तर फरक नतिजा चाहने मान्छेलाई मूर्ख भनिन्छ ।

बारम्बार यौटै दलका तिनै नेतालाई मतदान गरेर नयाँ पोखराको, नयाँ समाजको आशा गर्नु मूर्ख्याईँ सिवाय केही होइन । हाम्रो अभियानको लक्ष्य मूर्ख हुन अभिसप्त मतदातालाई मूर्ख नहुने विकल्प दिनु हो । विकल्पको खोज गर्ने या नगर्ने, अर्को ५ बर्षको लागि पनि उस्तै स्वास्थ्य, उस्तै शिक्षा, उस्तै सडक, उस्तै भ्रष्टाचार, उस्तै अव्यवस्था, उस्तै दुख उस्तै जिन्दगी भोग्ने कि परिवर्तनको नवीन बाटो खन्ने ? जिम्मा तपाईँको ।

कमजोरहरू इतिहास रट्छन् । साहसीहरू ईतिहास रच्छन् । इतिहास रचनाको यो मौलिक अभियानमा सरिक हुन तपाईँलाई हार्दिक स्वागत छ ।

सबैको जय होस् !

**गनेस पौडेल**

नगर प्रमुख पदको अटेरी उम्मेदवार

तथा सबै वडाका अध्यक्ष तथा सदस्य पदका उम्मेदवारहरू

पोखरा महानगर पालिका

#म_अटेरी